## बल्ल बन्द हुने भो फिल्ड अफिस

काठमाडौं । विराटनगरस्थित भारतीय फिल्ड अफिस आगामी साउन १६ गते बन्द गर्ने घोषणा भारतले गरेको छ । यसअघि भारतले ७ जेठमै फिल्ड अफिस हटाउने घोषणा गरेको थियो । भारतीय दुताबासले ८ साउनमा सूचना जारी गर्दै फिल्ड अफिसबाट हुँदै आएका सम्पूर्ण कामकाज १६ साउनदेखि काठमाडौंस्थित दुताबासबाटै हुने जनाएको छ ।

२ भदौ ०६५ मा आएको कोसी बाढीले समस्या **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## आज चन्द्रग्रहण


काठमाडौं । आज चन्द्रग्रहण लाग्दैछ । आजको चन्द्रग्रहण दशकौंपछिको लामो चन्द्रग्रहण हुने खगोलविद्हरुले बताएका छन् । चन्द्रग्रहण राति १२ बजेर ९ मिनेटबाट सुरु हुनेछ । खग्रास चन्द्रग्रहण शनिबार ४ बजेर ४ मिनेटमा अन्त्य हुनेछ । नेपालको सबै भागबाट खग्रास चन्द्रग्रहण देखिनेछ । ग्रहणलाई नांगा आँखाले हेर्न सकिने भए पनि भरसक नहेर्ने सल्लाह खगोलविद्हरुले दिएका छन् । मीन, कुम्भ, वृश्चिक राशिबाहेकका अन्य राशिहरुले चन्द्रग्रहण हेर्न शुभ नरहेको उनीहरुको भनाइ छ ।

वर्ष ७ अंक १५, २०७५ साल साउन ११ गते शुक्रबार, नेपाल संवत् ११३८ (July 27, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# देशमा फेरि मुठभेडको राजनीति

काठमाडौं । सरकार र मुख्य प्रतिपक्षी दल नेपाली कांग्रेसबीचको दूरीलाई डा. गोविन्द केसीको सत्याग्रहले झन् झन् बढाइरहेको छ । कांग्रेस केसीले उठाएका चिकित्सा शिक्षा सुधारका मागलाई सम्बोधन गर्न सरकारलाई बाध्य पार्न सदन र सडक दुवै मोर्चामा प्रतिपक्ष कांग्रेस संघर्ष गरिरहेको छ भने सरकार दुईतिहाई बहुमतको बलमा कांग्रेस आन्दोलनलाई पेलेर शिथिल पार्ने मुडमा देखिएको छ । डा. केसीलाई मोहोरा बनाएर कांग्रेसले सरकारलाई बदनाम गरिरहेको सरकारको बुझाई छ र सार्वभौम संसदले गर्ने निर्णय सडकले गर्न नसक्ने प्रधानमन्त्री केपी ओलीले बताइरहेका छन् । सरकार जसरी पनि चिकित्सा शिक्षा विधेयकलाई संसदबाट पारित गरेर शिक्षा र स्वास्थ्यलाई व्यापारीकरण गर्न उद्यत देखिएको छ । कांग्रेस आफ्नो सरकार हुँदा ल्याएको अध्यादेश उल्टाइएकोमा आक्रोशित छ । नयाँ मेडिकल व्यापारीहरुको हिततर्फ सरकार कठोर रुपमा प्रस्तुत भइरहेको छ भने नयाँ मेडिकल कलेजहरुले सम्बन्धन पाएमा पुराना निजी मेडिकल कलेजहरुको वर्चस्व धराप पार्ने भयले अर्काथरी मेडिकल व्यापारीहरु कांग्रेससँग हार गुहार गरिरहेका छन् । केसी सत्याग्रहले मेडिकल व्यापारीहरुलाई मात्र कित्ताकाट गरिरहेको छैन अपितु सरकारको नेतृत्व गरिरहेको नेपाल कम्युनिस्ट पार्टीमा समेत मानसिक विभाजन ल्याइरहेको छ ।

सत्यका लागि गरिने आग्रह नै सत्याग्रह हो । सत्याग्रहमार्फत डा. केसीले चिकित्सा शिक्षालाई सर्वसाधारणको पहुँचमा पुऱ्याउन सरकारसँग यसअघि १४ पटक प्रेमपूर्वक अनुरोध गरिसकेका छन् । सत्याग्रह सत्ययुगदेखिकै निरन्तरता हो । भरतले रामलाई वनबास नजान आग्रह गर्दै भोक हडताल गरेपछि रामले त्यसो नगर्न सम्झाएको रामायणमा उल्लेख छ । युरोपमा ईशापूर्व नै न्यायका लागि अनसन बस्ने गरेको र आयरल्यान्डबाट सुरु भएको पाइन्छ । त्यसबेला अहिलेको जस्तो सञ्चार नभएका कारण पीडकको ढोकामै गएर अनसन बस्ने चलन थियो । अनसनकारी अनसनमै मरेमा पीडकलाई समाजले बहिष्कार गर्थ्यो । सन् १८१६ मा चर्को ब्याज लगाउने साहूलाई ऋण मिनाहा गरिदिन धर्ना र अनशन गरेको

इतिहासमा पढ्न पाइन्छ । भारतीय स्वतन्त्रता आन्दोलनका अहिंसावादी नेता महात्मा गान्धीले आफ्नो दक्षिण अफ्रिका बसाइका बेला त्यहाँका गोराहरुले भारतीयहरुमाथि गरेको भेदभावका विरुद्ध सन् १९०६ मा ट्रान्सभालमा सत्याग्रह गरेका थिए । दक्षिण अफ्रिकी अश्वेत नेता नेल्सन मण्डेलाले ठट्टा गर्दै भनेका थिए- भारतबाट दक्षिण अफ्रिकामा मोहनदास करमचन्द गान्धी आएका थिए । हामीले उनलाई महात्मा गान्धी बनाएर भारत पठाइदियौं । महात्मा गान्धीले सन् १९२२, १९३०, १९३३ र १९४२ मा जेलभित्रै आमरण अनसन गरेका थिए । अहिंसात्मक शान्तिपूर्ण र दबाबको उच्चतम रुपमा अनशनबाट धेरै हदसम्म सफलता मिलेको पाइन्छ । भारतलाई अंग्रेजहरुबाट मुक्त गराउन भगतसिंहको नेतृत्वमा जेलमा १६ दिनसम्म भोक हडताल भएको थियो । त्यसअघि आइरिस क्रान्तिकारीहरुले ९० दिनसम्म भोक हडताल गरेको रेकर्ड थियो ।

भारतमै सन् १९५२ मा पोट्टी श्री रामुलुले भाषाका आधारमा छुट्टै आन्ध्र प्रदेश राज्य माग गर्दै अनशन बसे । उनको ५८ औं दिनमा मृत्यु भएको थियो । डा. गोविन्द केसीको अनशनले आज २७ दिन टेकेको छ । श्रीरामुलुको हालत हुने हो कि भन्ने सर्वत्र चिन्ता व्यक्त गरिँदैछ ।

भोक हडताल सुरु गरेको तीन दिनसम्म शरीरलाई खासै असर गर्दैन । किनकि त्यो बेलासम्म शरीरले संचित ग्लुकोज प्रयोग गरिरहेको हुन्छ । त्यसपछि शरीरले कलेजो र बोसोमार्फत शक्ति खर्च गर्न थाल्छ । तीन सातापछि शरीर भोकमरीको अवस्थामा प्रवेश गर्छ । यो अवधिमा शरीर मांसपेसी र हड्डी जस्ता अत्यावश्यक अंगबाट चल्छ । यो अवधि जीवन खतरामा रहेको अवधि पनि हो । हालसम्मको इतिहास हेर्दा औसत ५२ देखि ७४ दिनसम्म अनशनमा बसेकाहरुको मृत्यु भएका उदाहरण छन् । भारत मणिपुरकी मानवाधिकारवादी कार्यकर्ता र कवयित्री इरोम चानु शर्मिलाले सन् २००० देखि २०१६ सम्म भारतको सशस्त्र बल विशेषाधिकार ऐन १९५८ को विरोधमा १६ वर्ष अनशन बसे पनि उनको माग सम्बोधन भएन । उनलाई नाकबाट खाना दिएर सरकारी अस्पतालको एक कोठामा जेल बनाएर राखिएको थियो । उनले अनशन तोडिन् र राजनीतिमा आउने विचार लिइन् । मणिपुर विधानसभामा उठिन् उनी । तर लज्जास्पद पराजय भयो उनको । १९८१ म आइरिस अनसनकारीहरुले कैदीहरुलाई न्यूनतम मानवीय सुविधा दिनुपर्ने मागसहित अनशन सुरु गरे । दशजना अनशनकारीमध्ये बबी स्यान्डसको ४६ औं दिनमा मृत्यु भयो । अन्य अनशनकारीको पनि ७३ दिनभित्र ज्यान गयो । दश अनशनकारीले ज्यान दिएपछि मात्र बेलायत सरकारले कैदीहरुलाई केही सुविधा दिएको थियो । सन् १९७२ मा क्युवाका विद्रोही कवि लुइस बोइटेलले अनशन सुरु गरेका थिए । ५३ दिनमा जेलमै उनको मृत्यु भयो । गुइलेजी फ्रान्सिसले इन्टरनेटमा लगाइएको अंकुशविरुद्ध पानी मात्र खाएर सन् २००६ मा ७ महिना अनशन बसेका थिए । उनले साइबर फिडम पुरस्कार समेत पाए । महिला मताधिकार प्राप्तिका लागि बेलायत र अमेरिकाका महिलाहरुले अनशन **बाँकी ८ पेजमा**

## प्रमाण पत्र वितरण



काठमाडौं । सम्मान मिडिया प्रा.लि.कोटेश्वरमा २ महिना भाषण तथा उद्घोषण तालिम लिएका प्रशिक्षार्थीहरुका लागी नैकापस्थित नैकाप भिलेज रिसोर्टमा वनभोज तथा प्रमाणपत्र वितरण गरिएको छ । प्रमुख अतिथि गेटर नेपालका अभियन्ता तथा मेनेज्मेन्ट कन्सल्टेन्ट सुरेन्द्र ढकाल, अतिथि नेपाल साकाहारी संघका उपाध्यक्ष श्रीकृष्ण गुरुङ एवं कवि तथा साहित्यकार नरेन्द्र नगरकोटिको उपस्थितिमा उक्त कार्यक्रम भएको हो ।

कार्यक्रममा प्रशिक्षार्थी एवं अन्य विभिन्न क्षेत्रका व्यक्तिहरुको पनि गरिमामय उपस्थिति रहेको प्रमुख प्रशिक्षक उमेश केसीले बताए । कार्यक्रममा प्रमुख अतिथि ढकालले नेपालको इतिहास र त्यो बेलाका सन्धि अनि वास्तविक तथ्यगत कुरा नेपालले फिर्ता पाउन सकिने आधार हरु बिषयमा आफ्नो धारणा व्यक्त गर्नुको अतिरिक्त हरेक प्रशिक्षणले ज्ञानभन्दा पनि बढी सीप प्रदान गर्नुपर्ने र त्यस्तो प्रशिक्षण प्रत्यक्ष रुपमा रोजगार उन्मुख भएमा मात्रै प्रशिक्षणको महत्व हुने बताउनु भयो ।

## के थियो अध्यादेशमा ? के छ विधेयकमा ?

काठमाडौं । डा. गोविन्द केसीसँगको सहमतिअनुसार उनका माग सम्बोधन गर्न शेरबहादुर देउवा नेतृत्वको तत्कालीन सरकारले गत २४ कात्तिकमा चिकित्सा शिक्षा अध्यादेश जारी गरेको थियो । सोही अध्यादेशअनुसार देउवा सरकारले २३ माघमा चिकित्सा शिक्षा आयोग गठन गऱ्यो । भक्तपुरको सानोठिमीमा कार्यालय खोलिए पनि कर्मचारी नियुक्त भएका थिएनन् । केपी ओली नेतृत्वको सरकारले पनि १३ वैशाखमा पुरानै अध्यादेशलाई जस्ताको तस्तै जारी गऱ्यो । संविधानत: सरकारले संसद नभएका बेला अध्यादेश जारी गर्ने अधिकार राख्छ । तर संसद सुरु भएको ६० दिनभित्र अध्यादेश पारित गरिनुपर्छ । २३ वैशाखमा संसद अधिवेशन सुरु भयो । त्यसअनुसार २० असारभित्र अध्यादेश पारित **बाँकी ८ पेजमा**

## पुष्पलाल स्मृतिमा विचारगोष्ठी

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव क.पुष्पलालको ४० औं स्मृति दिवसका अवसरमा नेकपा (माले) उपत्यका ब्युरोद्वारा 'पुष्पलाल र वर्तमान नेपाल' बारे विचारगोष्ठी आयोजना गरेको छ । नेकपा (माले) का महासचिव सीपी मैनालीद्वारा गत ५ गते शनिबार रातोपुलस्थित रक हाउस क्याफेमा पुष्पलालको तस्बिरमा माल्यार्पण गर्दै कार्यक्रमको औपचारिक आरम्भ गर्नुभएको थियो । उक्त कार्यक्रममा अतिथिका रुपमा निम्त्याइएका वरिष्ठ पत्रकार तथा मार्क्सवादी चिन्तक भैरव रिसाललाई महासचिव मैनालीले दोसल्ला ओढाएर सम्मान गर्नुभयो ।

कार्यक्रमका प्रमुख वक्ताका रुपमा रहनुभएका महासचिव मैनालीले भैरव रिसाल जस्तो वरिष्ठ व्यक्तित्वलाई दोसल्ला ओढाएर सम्मान गर्न पाएकोमा गौरवको अनुभूति भएको बताउनुभयो ।



मैनालीले मुलुकको वर्तमान अवस्थाबारे चर्चा गर्दै सत्तामा रहेको नेकपाका नेता तथा प्रधानमन्त्रीले जनतालाई ठूलठूला कुरा गरेर अलमल्याए तापनि आँखै अगाडिका समस्या नदेखेको बहाना गरेर मुलुकलाई विकृति, विसंगतिको खाडलमा चुर्लुम्म डुबाएको बताउनुभयो । मैनालीले कम्युनिस्टको भनिएको सरकारले महँगी, भ्रष्टाचार बढाएर जनताको चरम शोषण गर्दै आफ्ना सेवा सुविधा वृद्धिका लागि मात्र तल्लीन रहेको भन्नुभयो । उहाँले नीति निर्माण गर्ने, कानुन बनाउने संसद सदस्यलाई करोडौं रकम दिएर विकासे कार्यक्रम बनाउनाले जनप्रतिनिधिको ध्यान कानुन बनाउनेभन्दा भ्रष्टाचार गरेर पैसा कमाउनेतर्फ तल्लीन भएकाले भ्रष्टाचारले संस्थागत मान्यता पाएको बताउनुभयो । समाजवाद उन्मुख भनिएको सरकारले शिक्षाको बजेट घटाएको, स्वास्थ्य, शिक्षा जस्ता आधारभूत कुरामा व्यापारीकरण गरेको भन्दै मैनालीले डा. गोविन्द केसीको अनशनलाई खिल्ली उडाएर सरकारले केसीको जीवन धरापमा पारेको बताउनुभयो । नेकपा मालेले पनि शिक्षा, स्वास्थ्य जस्ता कुरामा सरकारको पूर्ण स्वामित्व हुनुपर्छ र **बाँकी ८ पेजमा**


**समय-सन्दर्भ**

## पशुपतिनाथ र विश्वव्यवस्था

**केशवप्रसाद चौलागाईं**

महादेवको स्तुति र प्रार्थनासँगै विश्व व्यवस्था सञ्चालनमा ईश्वरीय प्रभाव र कारणको खोजी हुनु स्वाभाविकै हो । ब्रह्माण्ड र जीवको सृष्टि र सञ्चालनमा पशुपतिनाथको भूमिकाका कारण पशुपतिनाथ राष्ट्रदेवताका रुपमा पुजित हुनुहुन्छ । वेदः शिवो वेदः । वेद नै शिव हुन् र शिव नै वेद हुन् भन्ने शास्त्र वचनले पनि पशुपतिनाथको महत्वलाई बुझ्न सहज बन्दछ । सनातन हिन्दु धर्मको आधार वेद हो भने वेद नै शिव हुन् भन्ने मान्यताले पशुपतिनाथको प्रमुख स्थान रहेको प्रस्ट हुन्छ ।

व्यावहारिक रुपमा समेत सूर्यको तेज प्रदान गर्नु हुने र शिरमा चन्द्रमालाई धारण गर्नुहुने शिव भगवान्को चरित्र र स्वरुप विश्व व्यवस्थाको प्रतीकका



रुपमा देखिन्छ । प्राणो वै अर्क : । प्राणको स्रोत नै सूर्य हुन् भने चन्द्रमा स्वर परिवर्तनको । सूर्यबाट प्राप्त हुने प्राणको सञ्चालन व्यक्तिका सूर्य र चन्द्र नाडीबाट प्रवाहित गराई ऊर्जा सन्तुलन तथा जीवन सञ्चालन गराउने परम्परा एक विश्व परम्परा हो र त्यसको आधार शिव भएकाले शिवद्वारा विश्व व्यवस्थाको सञ्चालन भएको देखिन्छ ।

विश्वका सबै प्राणीहरुको जीवन सुखमय बनाउन पनि शिवको प्रार्थना गरिने परम्पराले विश्व व्यवस्थाप्रतिको उत्तरदायित्व छर्लंगिन्छ । शिव र रुद्र ब्रह्मको नै पर्यायवाची शब्द भएकाले शिवलाई रुद्रै पनि भनिएको हो । दुखम द्रावती नाशयतीति रुद्रः दुःख नष्ट गरिदिने भएकाले रुद्र भनिएको हो । एवं प्रकार दुःख नाश गरी सुख प्रदान गर्ने भगवान् शिव जीवको मुक्तिका लागि पनि उत्तिकै क्रियाशील र जिम्मेवार देखिनु हुन्छ । पश्यन्ति इति पशवः अर्थात् जसलाई संसारको आकर्षणले प्रभावित तुल्याउँछ तिनै पशु हुन्छन् भनिएको छ । सांसारिक लोभ, मोहबाट प्रभावित जीवलाई पशुत्वबाट मुक्ति दिलाउने उनै शिव भएकाले सबैको मुक्तिदाताको रुपमा पूजनीय हुनुहुन्छ । विराट पुरुषका रुपमा सृष्टि तथा मूल प्रकृतिका रुपमा शास्त्रले गरेको व्याख्या पनि स्मरणीय रहेको छ । 'सर्व **बाँकी ८ पेजमा**

## अतिक्रमण गरी चेकपोस्ट

काठमाडौं । नेपालको दशगजा क्षेत्रमा भारतीय पक्षले चेकपोस्ट निर्माण थालेको छ । नगराइनस्थित सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट (बीओपी) ले अनुरोध गर्दा पनि अटेरी गरिरहेको छ । बीओपीमा कार्यरत सशस्त्र प्रहरी निरीक्षक जगदीशप्रसाद थारु नेतृत्वको सुरक्षा टोलीले चेकपोस्टको निर्माण रोक्न आग्रह गर्दा सीमा सुरक्षा बल (एसएसबी) परिचालन गरी भारतीय पक्षले निर्माणलाई तीव्रता दिएको छ ।

सीमा शुल्क चौकीले जमुनी नदीको दक्षिणतर्फ सीमास्तम्भ २८४/३५ र एसपी ५१ को बीचको दशगजामा चेक पोस्ट निर्माण गरिरहेको हो । अन्तर्राष्ट्रिय सीमा कानुन लत्याउँदै भारतीय अधिकारीले जबर्जस्ती भन्सार चेकपोस्ट बनाउन थालेपछि दुवै देशका सुरक्षा अधिकारीका बीचमा मनमुटाव बढेको हो । **बाँकी ८ पेजमा**

## डा.केसीको अनशनमा मालेको ऐक्यबद्धता




काठमाडौं । नेकपा मालेको स्थायी कमिटीको बैठक हालै सम्पन्न भएको छ । बैठकले राष्ट्रिय राजनीतिका विभिन्न महत्वपूर्ण निर्णयहरु गर्दै एक प्रेस विज्ञप्ति प्रकाशित गरेको छ । पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- आज २०७५ साउन ९ गते नेकपा (माले) को **बाँकी ८ पेजमा**

## ऱ्यालीमा प्रहरी हस्तक्षेप, दर्जनौं पक्राउ

काठमाडौं । डा. गोविन्द केसीको अनसनका मागहरु तत्काल सम्बोधनका लागि प्रधानमन्त्रीलाई दवाब दिन बालुवाटार पुगेको विद्यार्थी र चिकित्सकहरु सम्मिलित बृहत् ऱ्यालीमा प्रहरी हस्तक्षेप भएको छ । ऱ्यालीलाई प्रहरीले सुरुमा शिक्षण अस्पतालको गेटमा नै रोक्ने प्रयास गरे पनि प्रहरी तालिम **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** तेजेन्द्र प्रसाईं
**प्रबन्ध सम्पादक** कृष्णराज दुलाल
**प्रबन्ध निर्देशक** किरण थापा
**अतिथि सम्पादक** विष्णु भट्टराई
**सहसम्पादक** घनश्याम ओली
सम्पादन सहयोगी : गोविन्द विक
**बजार व्यवस्थापन** रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# बाटो बिराएको सरकार

नेपालीमा एउटा उखान छ- "काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर" भन्ने, अहिले सरकारको हाल त्यस्तै भएको छ । दुईतिहाई मतको गह्रौं भारी बोकेर सरकार सञ्चालन गरिरहेका केपी ओलीले आफ्नो पहिलो कार्यकालमा बनाएको छवि अहिले छिँ धूमिल बन्न थालेको छ । यो सरकारप्रति शान्ति, स्थिरता र समृद्धिको आशा जनताले राखेका छन् । दिगो विकासको मार्गचित्र कोर्न अहिलेको सरकारलाई प्रचुर मात्रामा अवसर छन् । यो अवसर झिना मसिना लफडा र केही व्यापारीहरुको हितको पछि मात्र लागेर सरकारले गुमाएको खण्डमा आम जनतामा घोर निराशा छाउने निश्चित छ । यो सरकारको सफलता, असफलतासँग समग्र देश र भावी सन्ततिहरुको भविष्य समेत जोडिएको छ । विशाल जनमतको उपेक्षा गरेर सरकार साँघुरो घेरामा फसेको खण्डमा देशको भविष्य फेरि अँध्यारो सुरुङको यात्रातर्फ लाग्ने निश्चित छ ।

केपी ओली नेतृत्वको सरकार अहिले छैटौं महिनाको यात्रा गरिरहेको छ । यो अवधिमा कुनै चमत्कारिक परिवर्तन गर्न नसके पनि बिहानीले दिनको झलक दिएझैं शुभ संकेतका झलकहरु दिन सक्नुपर्ने थियो । विगत पच्चीस वर्षदेखि नै लगातार अस्थिर सरकार मुलुकमा व्याप्त भएको अवस्थामा थुप्रै विकृति, विसंगतिले डेरा जमाउने मौका पाएका छन् । जनता सबै खाले विकृतिको अन्त्य होस् भन्ने चाहन्थे र त्यसकै लागि बाम गठबन्धनलाई मतदान गरेका हुन् । तर सरकारले सही बाटो समाउनुभन्दा बाटो बिराइरहेको छ । गर्नुपर्ने काम थुप्रै भए तापनि नगर्नुपर्ने कामतर्फ हात लम्काउनाले सरकार विवादमा फसेको छ । डा. गोविन्द केसी प्रकरण अहिले उल्टाउनुपर्ने विषय होइन । विगतका सरकारले गरेको सहमतिअनुसार कार्यान्वयन गर्नुपर्नेमा उल्टाउने चेष्टा गर्दा एकजना मन्त्रीको जागिर खुस्कियो भने सरकारको धोती खुस्किएको छ ।

ओली सरकारका मन्त्रीहरुले सुरुवाती समयमा गरेका केही कामहरु पनि फिल्मी कलाकारका स्टण्डबाजी जस्ता मात्र भएका छन् । यातायात सेन्डिकेट खारेजी, कालोबजारी नियन्त्रण, काम नगर्ने ठेकेदारलाई कारबाही लगायतका सकारात्मक कामहरुलाई जनताले राम्रो सपोर्ट र सहयोग गर्दागर्दै अहिले नजानिँदो पाराले सरकार ती विषयबाट पछि हटेको छ । गर्नुपर्ने कामदेखि पछि हट्ने र नगर्नुपर्ने काममा अघि बढ्नाले सरकारको शाख ओरालो लागेको छ ।

डा. गोविन्द केसी प्रकरणका अलवा संस्कृत विश्वविद्यालयका कुलपतिलाई क्यानडा भ्रमणका लागि एयरपोर्ट पुगेको अवस्थामा बालुवाटार ल्याएर राख्नु, माइतीघर मण्डलामा विरोध प्रदर्शन गर्न पाउने नागरिक अधिकारमा रोक लगाउनु लगायतका सरकारका अलोकतान्त्रिक कदमहरुले गर्दा सरकारप्रतिको नागरिक सम्मानको पारो निकै तल ओर्लिएको छ । सरकारले गर्नुपर्ने विषय थुप्रै छन् । भूकम्पपीडितको आवास पुनःनिर्माणमा भएको ढिलाइ, बाढीपीडितका समस्या, महँगीका समस्यामा सरकार आँखा चिम्लिएझैं लाग्छ । विकास निर्माणमा देखिएको सुस्थताले गति लिन नसक्नु सरकारकै कमजोरी हो । काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन, ट्राफिक समस्या, बाटाघाटामा परेका डरलाग्दा खाल्डाहरुले सरकारलाई गिज्याइरहेको छ । सरकारसँग गर्नुपर्ने कामका सूची लामै भए तापनि त्यसलाई थाती राखेर सीमित व्यक्तिहरुको स्वार्थपूर्तिलाई प्राथमिकतामा राख्नु विल्कुलै गलत हो । त्यसैले ओली सरकार तत्काल सचिएर अघि बढ्न आवश्यक छ ।

# अन्यथा देश प्रतिगमनमा नजाला भन्न सकिन्न

**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**



गत हप्ता नेपाली राजनीतिका दुई फरक फरक व्यक्तित्व बीपी र पुष्पलालको सम्झना गरिएको समाचारले दुवै विद्युतीय र प्रिन्टिङ छापाको हेडलाइनहरु ओगटिएको पाइयो । बीपीको लाइन छोडी गणतन्त्रात्मक लाइनमा लागेको कांग्रेसले बीपीका विचारहरु अझै सान्दर्भिक छन् भन्दै नेपाली कांग्रेसले अहिले पनि बीपीकै पथमा हिँडेको गुड्डी हाँक्दै छ भने उता सत्तारुढ तथाकथित वामपन्थीहरुले भने संयुक्त आन्दोलन पुष्पलाल पथ भएको र त्यसले सफलता पाएकै कारण नेपालमा वामपन्थीहरु सत्तासम्म पुग्न सफल भएको विश्लेषण गरेका छन् ।


भारतमा इन्दिरा गान्धीले संकटकाल लगाएर नलखेटुञ्जेल नेपाली कांग्रेसहरु राजा र पंचायती व्यवस्थाविरुद्ध आक्रामक नै थिए । जनकपुरमा राजा महेन्द्र चढेको गाडीमा बम हान्नु, विमान अपहरण गरी त्यतिखेरको भारु ३० लाख दमपच गर्नु जस्ता आपराधिक कार्यहरु गरेर नेपाली कांग्रेसले आफूलाई जीवित राजनीतिक शक्तिको रुप रहिरहेको आभास दिएको थियो । तर भारतमा संकटकाल लगाएको कारण त्यहाँ बसी नेपाल विरोधी राजनीति गर्न नसकिने देखेर राष्ट्रिय मेलमिलापको नारा दिँदै भारतको निर्वासन त्यागी बीपी नेपाल आएका थिए ।

अर्कोतर्फ कम्युनिष्ट पार्टीका महासचिव भइसकेका केशरजंग लगायतका वामपन्थी भनाउँदाहरु पनि पंचायत व्यवस्था नै एक किसिमको राजाद्वारा नेतृत्व गरिएको बामपन्थी राजनीतिक व्यवस्था हो भन्दै त्यसमा समाहित हुन पुगेका थिए । त्यो अवस्था भनेको तत्कालिन कांग्रेस र वाम दुवै क्रमशः राजाको अगाडि लम्पसार पर्दै गएको देखिन्थ्यो । त्यसैले होला वामपन्थी आन्दोलन भित्रैबाट मोहनविक्रम अनि निर्मल लामाहरुले पुष्पलाललाई गद्दार भन्न सुरु गरेको अवस्था थियो । यद्यपि पुष्पलालले भने केशरजंगले जस्तो राजाको अगाडि लम्पसार हुन पुगेनन् र पंचायत ढाल्न संयुक्त आन्दोलनको खाँचो भएको र आफू त्यसैमा प्रतिबद्ध भएको राजनीतिक अडानमै थिए उनी आफ्नो जीवनकालसम्म ।

उनको त्यो संयुक्त आन्दोलनको आह्वानलाई कांग्रेसले गम्भीरताका साथ नलिएकै कारण २०३६ को जनमतसंग्रहमा सबै वाम दलहरु र कांग्रेसबीच पंचायतलाई पछार्ने कुरामा एकमत र एकता हुन नसक्दा जनमत संग्रहमा बहुदलले हार ब्यहोर्यो । हारलाई बीपीले खुसीसाथ आत्मसात गरे तर मनमोहनले भने टुँडिखेलबाटै ४ लाख फर्जिमत प्रयोग गरी पंचायतलाई जिताएको आरोप लगाए । खास अर्थमा त्यतिखेर पंचायतले जित्दा बीपीको राष्ट्रिय मेलमिलाप र पुष्पलालको संयुक्त आन्दोलन दुवैको पथको पराजय भएको थियो । प्रजातन्त्र नरहे राजतन्त्र पनि नरहने भन्दै बीपीले राजाको आफ्नो घाँटी जोडिएको बताए तापनि उनको जीवनकालमा उनले बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भएको देख्न पाएनन् । भनाइको मतलव बीपीको राजासँगको राष्ट्रिय मेलमिलापको नीति असफल भइसकेको थियो र बीपी दीर्घायु भएर बाँचिरहेको भए सायद राष्ट्रिय मेलमिलापको नाममा उनी सुधारिएको पंचायतको प्रधानमन्त्री बन्थे होलान् । बीपीको मृत्युसँगै पुष्पलालको संयुक्त आन्दोलनको विचारले नेपाली राजनीतिलाई अगुवाइ गरेकै कारण त्यो विचार सफल हुन पुग्दा २०४६ सालमा पंचायत ढल्यो । तत्पश्चात आफूलाई पुष्पलालका अनुयायी भन्ने बामहरु पनि बारम्बार सत्तामा आए तर राष्ट्रवादको संरक्षण र जनजीविकाको ग्यारेन्टी गर्ने दुवै कुरामा उनीहरु काविल हुन नसक्दा पुष्पलाललाई गद्दार भन्नेहरुको एक जमातले आफूलाई माओवादी घोषित गर्दै जनयुद्ध उठान गर्न पुग्यो । यस क्रममा २०औं हजार नेपालीले आफ्नो ज्यान गुमाए, खरबौंको विकासका संरचना ध्वस्त भए अनि देश गणतन्त्रमा प्रवेश गर्‍यो । यी सबै कुरा हुँदाहुँदै पनि यिनीहरुले न राष्ट्रवादको सम्वर्द्धन न जनजीविकाको ग्यारेन्टी केही गर्न नसक्दा पुष्पलाल गद्दार रहेनछन् भन्ने कुरालाई आत्मसात गर्न उनीहरु बाध्य हुन पुगे । यसप्रकार एमाले माकेबीच एकता हुन पुग्यो । अहिले उनीहरु एकातर्फ पुष्पलालको गुणगान गाउँदै हिँडेको अवस्था छ भने अर्कोतर्फ उनीहरुको ब्यवहार दलाल पुँजीवादको भरौटे जस्तो देखिन पुग्नुले पुष्पलालको संयुक्त आन्दोलनको पथ राजनीतिक रुपमा सफल देखिए पनि राष्ट्रवाद र जनजीविकाको सवाल ओझेलमा पर्न गएको छ । अहिले मात्रात्मक रुपमा पुष्पलालको सिद्धान्त सफल भएको देख्नेको झुण्ड ठूलै भए तापनि गुणात्मक रुपमा पुष्पलालको सिद्धान्त अहिले पनि प्रतिरक्षाको स्थितिमा छ किनकी राष्ट्रवाद र जनजीविकाका मुद्दाहरु अहिले पनि ज्यूँ का त्यूँ छन् ।

पछिल्लो संसदको चुनावमा नराम्ररी हार ब्यहोर्नु परेको कांग्रेस बामपन्थीसँग मिलेर हामीले गल्ती गर्‍यौं राजासँग मिल्नुपर्ने बीपीकै नीति ठीक रहेछ भन्ने निष्कर्षमा पुगेको छ भने पुष्पलालको नाम जपी सत्तारुढ भएका तथाकथित बामहरु राष्ट्रवादको संरक्षणको नाममा लम्पसारवाद र जनजीविकाको नाममा अकूत धन जम्मा गरी कमाउनिष्ट बन्न पुग्नुले यिनीहरुले मानेको पुष्पलाल पथ पनि निमुखा जनताको लागि हात्ती आयो फुस्सा सावित हुन पुगेको छ । यस परिप्रेक्ष्यमा अब देश बचाउने जिम्मा पुष्पलालका खाँटी समर्थकको काँधमा आएको छ अन्यथा देश प्रतिगमनमा नजाला भन्न सकिन्न ।

# आमा सत्य हो र बाबु विश्वाश ?



**जगदीश लामिछाने**
रौतहट, पौराई

नारी पुरुष दुवैको अनुकूल शिक्षा होस्, बाधा व्यवधान नहोस्, त्यसो भएपछि बन्दै जाने हो । त्यो चेतनालाई सानु विश्वासको त्यान्द्रोमा मात्रै अड्याएर समाज उन्नतिशील हुँदैन । बरु त्यो विश्वास नै विज्ञानले प्रमाणित भए नारीलाई राम्रो हुन्छ । यस्तो बेला विभिन्न प्रतिकूल कारणहरुले अहिले ज्यादै सम्बन्ध विच्छेदका मुद्दाहरु देशभर बढिरहेका छन् । अदालतले मिलापत्र गराएर पनि सकेका छैनन् । सम्बन्ध विच्छेदपछि पुरुषको भन्दा नारीको पीडा बढेको देखिन्छ । यसैले २०७५ जेठ १६ को विदुषी विन्दा पाण्डेको कान्तिपुर दैनिक पुष्ठ ७ को मध्य लेखबाट यो शीर्षकमा प्रश्न मात्र थपिएको हो । वास्तवमा आमा र बाबु दुवै सत्य नै भन्दा राम्रो होला । टुहुरा बालबालिकाको रक्षा पनि यसैमा छ ।

नारीहरु पीडामा छन् भन्नुभन्दा ती पीडा हटाएर सकिनेतर्फ लाग्नु बुद्धिमानी हो । यी पीडाहरु प्राकृतिक जन्मजात, सामाजिक, वैयक्तिक आदि छँदैछन् तर पनि बाबु विश्वास मात्र नभनौं सत्य भन्ने गरौं । अनि बोझ हलुका हुँदै जान्छन् । यो कुरामा शिक्षाले सहयोग गर्ने नै छ ।

नारी आफैंले प्रजनन अधिकार स्वीकार गरेकोमा स्तुत्य नै छन् र महिला पनि भएका हुन् । प्रत्येक व्यक्ति नारीकै सन्तान हो । आफ्नो नाम लेख्न कानुनले आमाको अधिकार दिएको र नागरिकतामा लेख्ने गरेको देखिएकै छ । प्रत्येक व्यक्तिको हुर्काइमा पुरुषको भन्दा नारीको श्रेय धेरै छ । तैपनि मानव नारी समाज सौन्दर्य मोहमा अल्झेको देखिन्छ । किन विज्ञापनमय हुन्न भन्न सक्दैन नारी समाज ? त्यहाँ पनि विश्वासकै तगारो त होइन ? हामीलाई दुःख दिने विश्वास किन पालिराख्ने ? अब हामी विज्ञानकै सहायताले बाबु पनि सत्य भन्ने गरौं । यसमा न्यायाधिकारीहअरु साथै छन् अरु ज्ञानका प्रसंग झन् उज्याला छन् ।

बरु पश्चिमी हावा ज्यादै अप्राकृतिक भयो । श्रृंगार तथा मनोरञ्जन मानव नारीमार्फत लिन अघि सर्‍यो । यसलाई पूर्वीय महिला चेतनाले नारी पूजनीय नै रहनु राम्रो होला । नारी पुरुष दुवैको चरित्र र अनुशासन एकले अर्काको परीक्षणमा दुवैले विवेकशील र बुद्धिमान हुनु अत्यावश्यक छ ।

समाजको उन्नतिशीलताको लागि नारी पुरुषको एकत्वको विकल्प छैन । द्वित्वले भलो हुँदैन भन्ने प्राणीस्थिति मानवबाहेकमा हेर्न राम्रो हुन्छ । त्यहाँ दुखैदुःख अरु प्राणीमा झन् धेरै छन् । मानव त विवेकशील भएरै केही सजिलो भएको छ । नारीमाथि भएका अन्याय बुद्धिमानीपूर्वक हटाउनैपर्छ ।

त्यसो भए नारीले विशेषज्ञ हुनै नपाउने ? त्यो कुरामा पनि शिक्षाले विशेषज्ञतामा वैज्ञानिक शिक्षाले बाटो खोलेकै छ । संसारभर कैयौं क्षेत्र जागृत महिलाले भरिएकै छ । तर विशेषज्ञताको आफ्नै बाटो हुन्छ । विशेषज्ञता भनेको एकत्वको बाटो हो । भाग्यमानीले पहिल्याएकै छन् ।

अहिले नेपालमा नारीप्रधान शिक्षा विशेषज्ञको खाँचो देखिएको छ । अरु क्षेत्रमा नारीको पहुँच स्तुत्य नै छ । वर्तमान नेपालमा स्वास्थ्य र न्याय क्षेत्रमा विशेषतः न्यायाधीशमा नारी फड्को उल्लेखनीय नै छ । स्तुत्य नै छ । राजनीतिमा कानुनले पनि तोकेकै छ एक दुई कामको उदाहरण दिएर बिट मारौं ।

काठमाडौं फोहोर व्यवस्थापनमा प्रमुख विद्यासुन्दर शाक्य कमजोरै देखिए । किनभने फोहोरमा वैज्ञानिकता लागू गरेर कुहिने तथा नकुहिने फोहोर प्रत्येक घरघरमै छुट्याउन लगाउन अहिले नारी सक्रियता अर्थात् नारी नेतृत्वको टड्कारो आवश्यकता देखिएको छ । देशको प्रमुख सहर चितवन भरतपुरमा प्रमुख नारी नै छन् । नारायणी नदीमा फोहोर प्रवेश हुन दिँदै नदिनु, उनको प्रमुख काम हो । देशभरका स्थानीय तहमा रहेका नारी नेतृत्व र अरु नारी शिक्षित समेतले चुरे पर्वतमाला सुरक्षा गर्नु र प्राकृतिक स्रोत साधनको उपयोगितामा देशको पर्यावरण सन्तुलन खलबलिन नदिनु पनि वर्तमान सम्पूर्ण नारी मात्रको उद्देश्य हुनुपर्छ । प्रतिनिधि नारीहरुले त जिम्मेवारी बोध गरेर काम गरेमा नारी नेतृत्व अझै उज्यालो हुने नै छ ।

अहिलेको अशान्त विश्वको कोकोहोलोको एउटै कारण कृत्रिमतायुक्त जीवन नै हो । त्यो कृत्रिमता शिक्षाले पनि हटाउँ भन्छ तर सकेको छैन । नारी पनि यसमा अछुतो छैनन् । किनकि शिक्षा त एउटै छ । विज्ञानलाई ज्ञानयुक्त गराउने कार्यले प्रकृति र मानव मात्र हैन प्राणी मात्रको भलो हुने हुँदा ज्ञानमय विज्ञानकै सहारा लिएमा विश्वभरका नारी समस्या पनि समाधान हुन्छन् । कृत्रिमता परित्याग गरौं सुखानुभूति गरौं । विश्वासमा पनि कृत्रिमता लुकेर आउला होस् गरौं ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

**मनसुन**

# जोसेफ स्टालिन–१०

यहाँ कतिपयले भन्न सक्छन्– 'अमेरिकासँग आणविक बम भएकाले त्यसले विश्वका जनतालाई त्यही शस्त्रको आडमा लुटपाट गर्दै थियो । सोभियत रूसलाई पनि त्यही विनाशकारी बम देखाएर थर्काउने गरेकाले स्टालिनले हाइड्रोजन बम बनाउनु बाध्यताथियो । यसमा स्टालिनलाई दोष दिन मिल्दैन ।' यस्ता कुराहरूसँग योपङ्क्तिकार सहमत छैन तरएउटा तथ्यचाहिँ मननीय छ । स्टालिन अर्थात्तत्कालीन सोभियत सरकारले हाइड्रोजन बम बनाउनुमा लामो पृष्ठभूमि छ, जसको संक्षिप्तचर्चा गरौं ।

सन् १८४८ मा मार्क्स, एङ्गेल्सले 'कम्युनिस्ट पार्टीको घोषणा पत्र' ल्याए । यो साहित्य मजदुर वर्गको मुक्तिका लागि ऐतिहासिक, वैज्ञानिक र पहिलो थियो ।त्यसपछि मजदुर वर्ग मुक्तिको बाटो लाग्यो भनेपुँजीपति वर्गचाहिँ सामन्त वर्गसँग साँठगाँठ गरी शोषण र दमनको बाटो लाग्यो ।सन् १८७१ मा फ्रान्सको राजधानी पेरिसमा मजदुर वर्गले पुँजीपति वर्गको राज्यसत्ता कब्जा गर्‍यो । तर परिश्रमी वर्गको त्यो राज्यव्यवस्था ध्वंस गर्न पुँजीपति वर्गलेचर्को दमन र भयानक आक्रमण गर्‍यो ।त्यसैले पेरिस कम्युन ७२ दिन मात्र रह्यो । कम्युन ढलेपछि शोषक वर्गका सेनाले दशौं हजार जनता गिरफ्तार गरी तिनको आमहत्या गरे ।पुँजीपति वर्ग कतिसम्मको क्रुर र पाशविक हुन्छ भन्ने कुरा कम्युनको घटनाले प्रस्ट पार्‍यो ।

सन् १९०५–०७ मा सोभियत रूसमा क्रान्तिकारी पार्टीको नेतृत्वमा क्रान्ति भयो । मजदुर वर्गले जारशाही शासन विरूद्ध गरेको यो सशस्त्र सङ्घर्षको नेतृत्व लेनिन, स्टालिनले गरेका थिए ।हजारौं मजदुरहरूले ठूलो वीरता र अदम्य साहसपूर्वक लडेको त्यो सङ्घर्ष विश्वकै ऐतिहासिक घटना हो ।कम्युनिस्ट पार्टी (र.सा.ज.म.पा.) का कतिपय आन्तरिक र बाह्य कमीकमजोरीहरूका कारण सामन्त र पुँजीपति वर्गको नेतृत्व गर्ने जारशाहीले जनविद्रोह कुल्चियो ।हजारौं मजदुरहरू मारिए, हजारौं अपाङ्ग भए त हजारौं साइबेरिया पुर्‍याइए । जारशाही गुप्तचरहरूले कम्युनिस्टहरूखोजीखोजी हत्या गर्ने, कठोर यातना दिने, जेल हाल्ने, निर्वासनमा पठाउने क्रियाकलापजारी राखे ।१२ वर्षपछि अर्थात् सन् १९१७ अक्टोबरमा विश्वका साम्राज्यवादीहरू प्रथम महायुद्धमातल्लीन रहेका बेला रूसी जनताकोसशस्त्र विद्रोहमा महान् लेनिन, स्टालिनले सफल नेतृत्व गरे ।रूसमा मजदुर, किसानको शासन व्यवस्था स्थापना भयो । शोषित वर्गले सोभियतरूसको सत्ता सञ्चालन गरेको देखेर साम्राज्यवादीहरूले हतारहतारयुद्ध रोकी आपसमा शान्ति सन्धि गरे ररूसी समाजवादी समाज ध्वस्त पार्न १४ वटा साम्राज्यवादी मुलुकहरूले एकैचोटि सशस्त्र आक्रमण गरे । तर दूरदर्शी लेनिन, स्टालिनको नेतृत्वमा रूसका क्रान्तिकारी जनता र लालसेनाबाट ती साम्राज्यवादी भाडाका सेनाहरूभुस्कुट भए ।

सोभियत सङ्घको समाजवादी समाज निर्माण कालमा भित्री र बाहिरी प्रतिक्रियावादी तत्त्वहरूले घरीघरी विध्वंस, गडबडी र तोडफोड गरिरहे । दोस्रो महायुद्धमा त हिटलरी साम्राज्यवादले सोभियतरूसको भाग्य र भविष्य नै गम्भीर खतरामा पार्‍यो ।त्यो लुटेरा युद्धविरूद्धपनि महान् स्टालिनको नेतृत्वमा रूसी लालसेना र क्रान्तिकारी जनताले शत्रुमाथि विजय हासिल मात्र गरेनन्,त्यही सङ्ग्राममा रूसी लालसेनाले पूर्वी युरोपका मुलुकहरू पनि मुक्त गरे ।

क्रमशः

# मैले देखेको छपन्नौं विश्व सम्पदा :
# साउदाम्पटनको टुडोर हाउस र बगैंचा

सुरेन्द्र ढकाल


अगाडिबाट हेर्दा टुडोर हाउस यस्तो देखिन्छ


टुडोर हाउसको ग्यालरी


हाउसको भित्तामा गरिएका बहुमूल्य प्रिन्टिङहरू


टुडोर हाउसअगाडि सुरेन्द्र सन् १९८९ मा


टुडोर हाउसको भित्री भाग


टुडोर हाउसको बगैंचा

स्यालिसवरीको क्याथेड्रल अवलोकन गरेपछि हामी साउदम्पटन तर्फ लाग्यौ । त्यहा पुगेपछि हामीलाई थाहा लाग्यो की त्यहा अवलोकन गर्न लायकम विश्व प्रसिध्द टुडोर हाउस र वंगैचा रहेछ भन्ने कुरा । साउदम्पटनको गाडी पार्किंगमा आफनो गाडी थन्काई हामी लग्यो टुडोर हाउस तर्फ ।

## टुडोर हाउस र बगैंचा

टुडोर हाउस एक ऐतिहासिक भवन, म्युजियम र साउदम्पटनमा भएको पर्यटक आर्कषणको केन्द्र रहेछ । यस भवनमा सन १९१२ देखि म्युजियम पनि राखिएको रहेछ । साउदम्पटनको पुरानो शहरको बगल स्ट्रिटमा रहेको सेन्ट माइकल स्क्वायरको ठीक अगाडि यो भवन ठडिएको रहेछ । यस भवन र यहाँको वरिपरि सन् ११८० तिर नोरमानहरुको बस्ती रहेछ ।

यस भवनलाई राजा जोनको दरबार भनिए तापनि राजा जोन त्यो घरमा गएर बसेको कुनै प्रमाण भने रहेनछ । १४औं शताब्दिमा जोन ब्हाइटगोड नामका साउदम्पटनका एक ब्यापारी जो पछि त्यहाँको मेयर पनि भएका थिए, उनी त्यस घरमा बसेका रहेछन् । सन् १३३८ मा फ्रेन्चहरुले साउदम्पटनमाथि आक्रमण गर्दा यस घरलाई सुरक्षा दिन भनी घरको चारैतिर पर्खाल बनाइएको रहेछ । प्राचीनकालको नोरमानहरुको मौलिक र उत्कृष्ट वास्तुशैलीको नमुना भएको यो घर यसको शैलीको कारण पुरै बेलायत र विश्वभरि नै चिनिँदो रहेछ ।

पछि सन् १५१८ तिर सर जोन डट्री भन्ने ठूलो जमिन्दारले यस घरको मुख्य भागलाई तन्काउने र फैलाउने कार्य गरेका रहेछन् । यसको लागि उनलाई राजा हेनरी आठौंले ठूलै धनराशि दिएका रहेछन् । उनले यो पैसाबाट मेरी रोज नामक जहाजी वेडा संचालनमा पनि खर्च गरेका रहेछन । पछि सन् १४८० र १५५० को समयबीच यहाँ शाही प्रधान न्यायाधीस सर लिचार्ड लिस्टर पनि बसेका रहेछन् ।

१६औं शताब्दिमा यो घर कपडा उत्पादक तथा कपडा रंगाउने व्यवसायीहरुले प्रयोग गरेका रहेछन् । त्यसपछि पानीजहाज चलाउनेहरुले पनि यो घर प्रयोग गरेका रहेछन् भन्ने कुरा घरको भित्तामा गरिएको पानी


टुडोर हाउसको पर्खाल

जहाज, सामुद्रिक जनावर र अन्य पेन्टिङहरुले बताउँदो रहेछ । यही प्रारम्भिक मध्यकालीन पेन्टिङकै कारण पनि यो घर विश्व प्रसिद्ध हुन पुगेको कारण यी पेन्टिङहरुको राम्रो संरक्षण हुन पुगेको रहेछ । पछि १८ औं शताब्दिमा यो घर जर्ज रोजर भन्ने एक कलाकारले खरिद गरेका रहेछन् र उनले यस घरको संरचनामा परिवर्तन गरी यस घरमा जर्जियन मोहोडा थप गरेका रहेछन् र त्यही बेला उनले ओक वृक्षको काठले बनेको अगाडिका मोहडाका भित्तासँग रहेको ठाडो दलिनलाई रंगरोगन पनि गरेका रहेछन् । पछि १९औं शताब्दिमा गएर विभिन्न व्यवसायीहरुले यस घरलाई लिजमा (दिर्घकालीन भाडा) लिई यहाँभित्र कपडा रंगाउने, पुस्तकहरु बाइण्ड गर्ने कार्य गर्दा रहेछन् । स्थिति बिग्रँदै जाँदा १९औं शताब्दिको अन्तमा पुग्दा यस घर वरिपरिको क्षेत्र साउदम्पटन शहरको फोहर फाल्ने स्थल पनि बनेको रहेछ र यो घरलाई भत्काउने मनस्थितिमा सरकार र जनता पुगिसकेका रहेछन् । तर सन् १८८६ मा विलियम स्प्रांगर नामक स्थानीय समाजसेवीले यस घरको विश्वब्यापी महत्वलाई बुझेर १२ वर्ष लगाई यस घरको जिर्णोद्धार गरेका रहेछन् । त्यस क्रममा उनले घरभित्र ठूलो हल, ग्यालरी, भित्ता फोडेर थुप्रै ढोकाहरु बनाउन लगाएका रहेछन् । तत्पश्चात यो घर सदाका लागि म्युजियममा परिणत भएको रहेछ । दोस्रो विश्वयुद्धताका शत्रुको बम आक्रमणबाट बच्न यस घरको छिडीलाई आश्रयस्थल बनाइएको रहेछ र बम आक्रमणबाट धेरै ठूलो क्षति नपुगेको रहेछ । यसको घरको बगैंचा १६औं शताब्दिमा नै बनाइएको रहेछ जस्को डिजाइन डा. सिल्भिया लाण्ड्स्वर्गले गरेकी रहिछन् । यस बगैंचामा टुडोर कालीन बिरुवा, वनस्पती र जडीबुटीहरु लगाइएका रहेछन ।

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

युवाहरूको आवाज : लागूऔषध मुक्त समाज
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# आर्थिक विकासमा सहकारीको भूमिका

**उपेन्द्र झा**

उच्चस्तरको समाज विकास तथा मानव जीवनशैलीमा प्रशंसनीय परिवर्तन ल्याएर अन्तर्राष्ट्रिय स्तरमा सहकारी संस्थाले आफ्नो राम्रो पहिचान कायम गरि सकेको छ । बेलायतको म्यानचेष्टरबाट सन् १८४४ मा स्थापना भएको पहिलो सहकारी संस्थाले आफ्नो प्रभावकारी भूमिकाको माध्यमले जर्मनीलाई पनि आकर्षित गऱ्यो ।

सन् १८५२ मा जर्मनीमा बचत तथा ऋण सहकारी संस्था खुल्यो । जनस्तरमा प्रत्यक्ष सम्बन्ध बनाउने, जनताको अपेक्षालाई यथाशक्ति सम्बोधन गर्ने सहकारीको महत्वपूर्ण आकर्षणका कारण जनस्तरमा सहकारी लोकप्रिय हुँदै गयो । आफ्नो प्रभावकारी भूमिकालाई बढाउँदै सहकारीले विश्वस्तरमा अन्तर ार्ष्ट्रिय सहकारी महासंघ को रूपमा विकसित भएको छ । १०७ देशका ३०७ सदस्य संस्था आबद्ध सहकारीको अन्तर्राष्ट्रिय छविलाई अझ प्रभावकारी बनाउन सन् १९२३ देखि प्रत्येक वर्ष जुलाईको पहिलो शनिवार सहकारी दिवस मनाउने चलन शुरू भयो । सामाजिक, आर्थिक क्षेत्रमा सहकारीको प्रभावकारी योगदानलाई कदर गर्दै संयुक्त राष्ट्रसंघले पनि १९९५ देखि संयुक्त रूपमा सहकारी दिवस मनाउन शुरू गरेको हो ।

अन्तराष्ट्रिय स्तरमा आर्थिक, सामाजिक रूपान्तरणमा सहकारीको महत्वपूर्ण भूमिका देखेर नेपालमा पनि वि.सं. २०१३ साल चैत २० गते चितवनमा बखानसिंह गुरूङले बखानपुर सहकारी संस्थाको स्थापना गऱ्यो । त्यसैलाई आधार मानेर नेपालमा चैत २० गते सहकारी दिवस मनाउन थालिएको हो । जनस्तरमा प्रत्यक्ष सम्बन्ध राख्ने सहकारीको दाँजोमा अरू वित्तिय निकाय लोकप्रिय हुन सकेन । बैंक तथा अन्य वित्तिय निकायको जटिल सेवा प्रक्रियाले जनस्तरमा प्रभावकारी भूमिका जमाउन सकेन । सहकारीको लोकप्रियता बढ्दै जाँदा सहकारी दर्ता गराउने क्रम तीव्र गतिमा शुरू भयो ।

२०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात् सरकारले आर्थिक उदारिकरणको नीति लिएपछि सहकारी क्षेत्र तीव्र रूपले विकास गऱ्यो । आर्थिक क्षेत्रमा सहकारीलाई तेश्रो खम्बाको रूपमा परिभाषित गरेपछि सहकारीको प्रतिष्ठा बढ्न थाल्यो । सहकारी विधागको तथ्याँक अनुसार हालसम्म दर्ता भएका सहकारीको संख्या ३४ हजार ५ सय १२ पुगेको छ । सहकारीले ३ खर्ब २ अर्ब २६ करोड रूपियाँ निक्षेप संकलन गरि २ खर्ब १४ अर्ब ऋण पनि लगानी गरेको छ । देशका ६ लाख ३० हजार नागरिक सहकारीमा आबद्ध रहेकोमा ५१% महिला सहभागिताले लैंगिक सशक्तिकरणमा उल्लेखनीय योगदान गरेको देखिन्छ ।

ग्रामीण स्तरमा सहकारीको लोकप्रियता बढे पनि सरकारको प्रत्यक्ष निगरानीको अभावमा सहकारीमा क्रमिक रूपमा विकृतिहरू भित्रिन थाल्यो र सहकारीले जन सम्पर्क बढाएपनि सेवामुखीभन्दा नाफामुखी प्रवृतिको विकास गराएपछि समग्र सहकारी क्षेत्र नै बदनाम भयो । १४ हजार वचत र ऋण सहकारी संस्था तथा ४ हजार ३ सय बहुद्देशीय सहकारी संस्थाले निक्षेप संकलन गरि आर्थिक अनियमितताका शिकार भई समग्र सहकारी क्षेत्रमा बदनामी कमाएका छन् । आर्थिक अनियमितताका कारण केही सहकारी संस्था कार्रवाहीमा परि अस्तित्व गुमाएका छन् भने सोही क्षेत्रमा केही सहकारीले आशातीत सफलता पनि हासिल गरेका छन् । १४ हजार बचत तथा ऋण सहकारी संस्थाबाहेक अन्य विषयका सहकारीहरू पनि बचत र ऋण कारोवारमै संलग्न देखिएका छन् । सहकारी संस्थालाई नाफा कमाउने उद्देश्यका साथ निक्षेपलाई व्यक्तिगत रूपमा उपयोग गर्ने प्रवृति मौलाउँदै जाँदा केही स्वार्थका लागि सिंगै सहकारी क्षेत्रमा कलंक लागेको अवस्थालाई सरकारले क्रमशः व्यवस्थित पनि गर्दै आएको छ । नाफा कमाउने लक्ष्य लिएर दर्ता हुने सहकारी प्रदेश नं. ३ मा सबभन्दा बढि ११,५७७ संस्था खुलेका छन् । त्यसपछि प्रदेश नं.२ मा ५,८५७, प्रदेश नं. १ मा ५,१४४, प्रदेश नं. ५ मा ३,७६३, प्रदेश नं. ४ मा ३,६७८, प्रदेश नं. ७ मा २,३६२ र प्रदेश नं. ६ मा २,१२२ सहकारी संस्था दर्ता रहेका छन् । सहकारी क्षेत्रले ३ खर्ब २१ अर्ब निक्षेप संकलन, ७३ अर्ब ७७ करोड शेयर पूँजी संकलन गरि २ खर्ब ७३ अर्बको ऋण लगानी गरेको छ ।

आर्थिक क्षेत्रमा टेवा दिने भनेर जारी गरिएको सहकारी ऐन-०४८ को प्रस्तावनामा ग्रामीण क्षेत्रका गरिब, भूमिहीन, किसान, महिला, जनजाती तथा दलित उत्थानका लागि सहकारी दर्ता गरिने उल्लेख छ। तर पनि लक्षित उद्देश्यमा काम नगरि आर्थिक अनियमितातातिर उन्मुख भए । सहकारी क्षेत्रको आर्थिक अनियमिततालाई रोक्न गौरी बहादुर कार्कीको अध्यक्षतामा आयोग गठन गरि सरकारले कतिपय सहकारी कार्रवाहीमा परेर खारेज भए । कतिपय कार्रवाही भोग्दै छन् । सहकारी क्षेत्रलाई अधिक व्यवस्थित गर्न सहकारी ऐन-०७४ ले सहकारी दर्ता, संचालन तथा कार्रवाहीको व्यवस्थामा कडाई गरेको छ ।

बेरोजगारी हटाउन, युवाहरूको विदेश पलायन रोक्न सरकार सहकारीमार्फत अनुदान दिएर स्वरोजगार कार्यक्रम संचालन भयो तर आर्थिक बेथितिको शिकार भएर यो कार्यक्रम कुनै उपलब्धि दिन सकेन । सरकारको करोडौं रकम जोखिममा पऱ्यो । सहकारीमा संस्थागत विकास भई रहेको आर्थिक बेथितिलाई समूल नष्ट गर्ने सरकारका प्रयासहरू भएपनि अपेक्षित सफलता भने पाउन सकेको छैन । सहकारीलाई कृषि र सहकारीका विभिन्न निकायबाट अनुदान सहयोग हुँदै आएको छ । कृषि र सहकारी मन्त्रालय अहिले एक भएकोले अनुदानको दुरूपयोग रोक्न कारगर हुने सम्बन्धित निकायले आशा लिएको छ ।

उत्पादन बढाउन, स्वरोजगार गर्न लक्षित समुदायमा केन्द्रीत भई कार्य संचालन गर्न सरकारले आ.व. २०६५/०६६ देखि सहकारीलाई अनुदान दिने कार्यक्रम संचालन गरेको हो । अनुदानलाई व्यवस्थित गर्न सहकारी विभागले निर्देशिका जारी गरेको छ । यो निर्देशिकाले दुर्गम क्षेत्रका लक्षितवर्गका लागि ८०% र अन्य क्षेत्रमा ६०%सम्म र महिला सहकारी संस्थालाई दुर्गममा ९५%, अन्यमा ७५% अनुदान दिने व्यवस्था गरिएको छ ।

ठूला सहकारीहरूले आफ्नो जिम्मेवारीबोधका साथ सहकारी क्षेत्रमा रहेको आर्थिक बेथितिलाई हटाउन जेठ २६ गते शनिवार केन्द्रस्तरको भेला आयोजना गरि सहकारीको बचत तथा शेयरपूँजीलाई संरक्षण गर्दै, उत्पादन, उद्यमशीलता, रोजगारी वृद्धि गराउने १२ बून्दे प्रतिबद्धताका साथ २ दिने भेला सम्पन्न गरेको छ । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको संयुक्त आयोजनामा काठमाण्डौंमा भएको केन्द्रीय भेलामा देशभरका ६०० सहकारी संस्थाको सहभागिता थियो । आलोचित भई रहेको सहकारी क्षेत्रलाई व्यवस्थित गर्न बोलाईएको यो भेलाले आत्मालोचनाका साथै सहकारीको पूँजीलाई उत्पादनको क्षेत्रमा, वित्तीय पहुँच नभएको कमजोरवर्गलाई समेट्न, उद्यमशीलतालाई बढाउन तथा स्वरोजगारका लागि कमजोरवर्गसम्म सहकारीको विस्तार गर्न र सहकारीमा रहेका बेथितिलाई हटाउन सहकारीकर्मी पूर्ण इमान्दार बन्नु पर्ने संकल्प लिएका छन् । आत्मालोचित भई आफैले सुधारका संकल्प लिने सहकारी संस्थाको यो कदम प्रशंसनीय नै मान्नु पर्दछ ।

देशको आर्थिक विकासको क्षेत्रमा, सामाजिक जीवनस्तर विकासको क्षेत्रमा, उत्पादनशीलताको क्षेत्रमा सहकारीको योगदान विषयमा संयुक्त राष्ट्रसंघले २०१४ मा १४५ वटा देशको सहकारीमा सर्वे गरेको थियो । न्युजिल्याण्डका सहकारी विश्व कै सर्वोत्कृष्ट सहकारी अर्थव्यवस्थामा घोषित भएको थियो । न्युजिल्याण्डको सहकारीले त्यहाँको कूल गार्हस्थ्य उत्पादनमा २० प्रतिशत योगदान गरेको पाईयो । फ्रान्स र नेदरल्याण्डका सहकारीले कूल गार्हस्थ्य उत्पादनमा १८ प्रतिशतका दरले योगदान गरेको छ भने फिनल्याण्डको सहकारीले १४ प्रतिशतले योगदान गरेको छ । नेपालमा त्यस्ता सर्वे नभएपनि कूल गार्हस्थ्य उत्पादनमा ५ प्रतिशत रहेको अर्थविद्हरूको अनुमान छ ।

विश्वस्तरमा सहकारीको योगदान उल्लेखनीय रहेको कुरा उपरोक्त तथ्याँकले देखाएको छ । ठूला वित्तीय संस्थाहरूसंग सर्वसाधारणको पहुँच नरहेको अवस्थामा सहकारीको महत्व बढ्न गएको हो । ६ दशक पार गरि सकेको सहकारीको अभ्यास अहिले पनि राष्ट्रिय उत्पादनमा आफ्नो ठाउँ बनाउन सकेको छैन । तर सहकारी क्षेत्रमा रहेको आर्थिक बेथितितिर सहकारीको ध्यान गएको सुधारको दिशामा ठूलो पहल भएको छ । स्थानीयस्तरमा जन सम्पर्कसंग प्रत्यक्ष जुडेको सहकारी, कृषि उत्पादनको क्षेत्रमा निकै सहयोगी भूमिका खेल्न सक्ने अवस्था छ ।

विश्वभर दर्ता भएका २६ लाख सहकारीमा १ अर्ब २० करोड मानिस संगठित छन् । विश्वका २८ करोड मानिस सहकारीबाट लाभान्वित भएका छन् । आफ्नो देशमा सहकारीले कूल गार्हस्थ्य उत्पादनमा २० प्रतिशतले सहयोग गर्नु त्यहाँको सहकारीको दक्ष व्यवस्थापन, कुशल कार्यान्वयन तथा सक्रिय अनुगमनको नतिजा हो । विश्वकै सहकारी क्षेत्रको प्रेरणा स्रोतको रूपमा देखिएको न्युजिल्याण्ड, फ्रान्स, नेदरल्याण्ड र फिनल्याण्डका सहकारी रहेका छन्

## बांगा कविता

## हाम्रो पार्टी



● प्रेम ओली (ढकलपुरे)

हाम्रो पार्टी
भारतीय सेना जस्तो
एक कदम अगाडि बढ्छ
पाँच कदम पिछे सर्छ
न आत्तिनुहोस् जनता जनार्दन
अब हाम्रो पार्टीले पक्कै क्यै गर्छ
भोक लागेको हुनाले पहिले आफ्नै
भुँडी भर्छ
त्यसपछि कार्यकर्ताको खल्ती भर्छ
बचेँकुचेछ भने तपाईंको लागि नि
पक्कै क्यै गर्छ
किनभने हामीलाई हाम्राको भन्दा
पनि तपाईंहरुकै ठूलो भर छ ।

हामीले सिन्डिकेट हटायौं र अब
फिर्ता गऱ्यौं
हामीले सबको राजीनामा माग्यौं र
त्यो फिर्ता गऱ्यौं
अरु जे जे हटाका छौ त्यो सब
फिर्ता गर्छौं
उस्तै परे संघीयता पनि फिर्ता गर्छौं
संविधान नै फिर्ता गर्छौं
तपाई हेर्दै जानुस, यो सरकार पनि
पाँच वर्ष नचलाइकन फिर्ता गर्छौं
किनभने हामी एक कदम अगाडि
बढ्छौं
र बीस कदम पिछे सर्छौं
यसरी नै देशको विकास गर्छौं ।

न आत्तिनुहोस् जनता महानुभावहरु
म हनुमान होइन पहाड बोक्ने
म राम होइन पुल, बाटो बनाउने
वाण ठोक्ने
म जादुगर होइन जादु गर्ने
म कुबेर हैन ढुकुटी भर्ने
म त हजुरले बनाको नेता हो
आज यता हो, थाहा छैन भोलि
कता हो
धैर्य गर्नुस् जनता महोदय
हाम्रो पार्टी
एक कदम अगाडि बढ्छ
पचास कदम पिछे सर्छ
अर्को पटक सरकारमा नआए पनि
हामीलाई के फरक पर्छ ?
यो पाला नसके हाम्रो पार्टीले
अर्को पाला तपाईंको लागि पक्कै
क्यै गर्छ ।

## श्रम

**प्रकाश चालिसे**



गर परिश्रम ,थप मेहनत अनि बिस्तारै सोच विश्राम,
विश्राम को लगतै , बनाउनेतर्फ आश्रम,
न त आलय हो, न कुटि, त्यो हो मात्र भवन,
होमि होमि जौ ,तिल र चामल (चरु )हुन्छ त्यहीँ हवन
पाठ त्यहा गृह प्रबेशको सहित मंगल् धुन ,
पान, सुपारी ,मरमसला र फलफूल राखि जोडनेछौ सग्
बिस्तारमा यो घर नै त्यही हो,जहाँ तिम्रो बास ,
बेलि बिस्तारमा जिउँदो बन्नअनि हुन्छ गास र कपास,
रहन्दा बस्दा छोराछोरी,नातिनातिना ,हुनेछ त्यही अपार,
उदेश्य थपक्क राख,मिलाउ,अनि सबैलाइ सपार,
जय श्रम !! जय परिश्रम !!

# लज्जावति झारको औषधीय गुण



स्थानीय वन जंगलमा पाइने लज्जावति झारलाई लाजवन्ती वा लाजमान्ने झारको नामले पनि चिनिन्छ । यसको वानस्पतिक नाम भने माइमोसा पुदिका हो । हात वा अन्य कुनै बस्तुले छुने बित्तिकै यसको पात ओइलाएर बन्द हुने हुनाले यसलाई लाजवन्ति झार भनिएको हो । गाउँघरतिर यसलाई गाईबस्तुको घाँसको रूपमा पनि प्रयोग गरिन्छ । यसबाहेक यसलाई जडीबुटी वा औषधिको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

अभुमका हर्बल प्रा लि अहमदाबादका डाइरेक्टर डा दीपक आचार्य यहि झारको औषधिय गुणको बारेमा बिगत १५ बर्षदेखि भारतको बिभिन्न क्षेत्रमा रहेर अध्ययन गरिरहेका छन् । भारतको सुदूर आदिवासी अंचल जस्तै पातालकोट (मध्यप्रदेश), डांग (गुजरात) र अरावली (राजस्थान) का आदिवासिहरूले कसरी परम्परागत रूपबाट यसलाई औषधिको रूपमा प्रयोग गर्दै आएका छन् र र यसले कसरी काम गर्छ भन्ने उनले अध्ययन गरेका छन् र यसलाई प्रमाणित गर्दैछन् ।

गन्दे नामक झारको झोलले काटेको ठाउँमा बगेको रगतलाई तुरून्तै निको बनाए जस्तै लाजवन्ति झारले पनि काटेको घाउलाई निको बनाउँछ । यति मात्रै होइन यो झार बहुउपयोगी छ । यो झारको जराको दुई ग्राम चूर्ण दिनमा तीन पटक मनतातो पानीसँग खानाले बाबाशिर वा अन्य कारणबाट हुने आन्तरिक घाउ छिट्टै निको हुने आचार्य बताउँछन् । आधुनिक विज्ञानको अनुसन्धान अनुसार भाँचिएको हड्डी र मांसपेशीको आन्तरिक घाउको उपचारको लागि लाजवन्ति झार अति उपयोगी हुन्छ । त्यस्तै, लाजवन्ति झारको जरा तथा बिउको चूर्णलाई दूधसँग मिलाएर खानाले पुरूषमा हुने वीर्यको कमीलाई धेरै कम गर्दछ ।

लाजवन्ति झारको पातको धुलोलाई मख्खनसँग मिलाएर बाबाशिरको घाउमा दिनको दुई वा तीनपटक लगाउनाले छिट्टै निको हुन्छ । त्यस्तै, यस्को पातलाई पिसेर नाइटो वरिपरि लगाउनाले धेरै पिसाब आउने समस्या बन्द हुन्छ । यसको पातको काढपानी बनाएर खुवाउनाले मधुमेहको रोगीलाई धेरै फाइदा गर्छ । त्यस्तै, यसको बिउको धेउलो बनाएर नियमित सेवन गर्नाले शारीरिक दुर्बलता पनि कम हुन्छ । लाजवन्ति र र अश्वगंधाको जरालाई समान मात्रामा मिलाएर पिस्ने र लेप तयार गरेर स्तनमा हल्का मालिस गर्नाले स्तन झोलिने समस्याबाट मुक्त हुन सकिन्छ ।

# पर्यटन

# पर्यटक तान्दै आली ताल

visit nepal 2020 Lifetime Experiences

डडेल्धुराको आलिताल गाउँपालिकामा रहेको आलितालमा पहिलो पटक डुंगा भित्र्याइएको हो । पर्यटकलाई आकर्षण गर्न र उनीहरुलाई मनोरञ्जन दिनका लागि तालमा डुंगा सञ्चालनमा ल्याइएको छ ।

आव २०७४/०७५ मा आलितालमा डुंगा सञ्चालनका लागि विनियोजन गरिएकाले करिब रु १२ लाख बराबरको बजेटमा पाँचवटा डुंगा खरिद गरी आलिताल पुऱ्याइएको आलिताल गाउँपालिका अध्यक्ष बलबहादुर गुरुङले बताएका छन् ।

प्रदेश नं ७ को पहाडी जिल्लामा रहेको सबैभन्दा ठूलो ताल डडेल्धुराको आलितालमा पहिलोपटक डुंगा सञ्चालन गरिएको हो । आलिताल गाउँपालिकाको भित्री मधेश क्षेत्र गोदाम बजार नजिकै रहेको आलितालमा पहिलो पटक डुंगा सञ्चालन गरिएको हो ।

तालमा डुंगा सञ्चालन गरिएसँगै आलिताल पर्यटकको पर्खाइमा रहेको छ । तालको अवलोकनका लागि नै भनेर बाह्य पर्यटक आलितालसम्म नपुगे पनि भित्री मधेश आलिताल, जोगबुढा क्षेत्रमा पुग्ने जोकोही पनि आलितालमै पुग्ने गरेको आलिताल गाउँपालिका अध्यक्ष गुरुङले बताए ।



सदरमुकामबाट झण्डै ८० किलोमिटर पश्चिममा डोटी जिल्लाको बुडर नजिकै रहेको आलितालमा पर्यटकीय सम्भावना निकै बढी रहेको छ । कञ्चनपुरको बेदकोटबाट करिब ५० किलोमिटरको कच्ची सडक भएर आलिताल पुग्न सकिन्छ ।

मध्यमखालको तापमान हुने आलिताल क्षेत्रमा तालले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गराउन गाउँपालिकाले अहिले प्रयास थालेको जनाइएको छ । गाउँपालिकाले पहिलो वर्ष करिब रु ६० लाखको लागतमा आलितालसम्मको पर्यटक सडकको स्तरोन्नति गरेसँगै तालको चारैतिर करिब एक हजार ३०० मिटरभन्दा बढी पैदल मार्ग निर्माण गरेको छ ।

गाउँपालिकाले यस वर्ष आलितालको गुरुयोजना निर्माण गरी पर्यटन क्षेत्रका रुपमा विकास गर्न गाउँपालिकाले म्याचिङ फन्डका रुपमा बजेट छुट्याई राष्ट्रपति चुरे संरक्षण, राष्ट्रिय ताल विकास समिति, केन्द्र सरकार, प्रदेश सरकारसँग सहकार्य गर्ने अध्यक्ष गुरुङको भनाइ छ । तालका विभिन्न स्थानमा अवलोकन र थकान मार्नका लागि छहारी घर स्थापना गरिएका छन् ।

# पाकिस्तानमा आमनिर्वाचन सम्पन्न, कसले मार्ला बाजी ?



विष्णु भट्टराई

भारतबाट अलगिगएर सन् १९४७ को अगस्त १४ मा नयाँ राष्ट्रको रुपमा पाकिस्तान जन्मिएको हो । पाकिस्तान देश जन्मिएदेखि नै पाकिस्तानी राजनीतिको अधिकांश समय सेनाको छायामा परेको छ । पाकिस्तानको सेना सत्तामा भए पनि नभए पनि शक्तिशाली मानिन्छ । पाकिस्तान जन्मिएको ७ दशकमा अधिकांश समय सेनाले नै राज्य चलाएको छ । देशको शासनको बाग्डोर पटक पटक सम्हालिसकेको सेना सत्ता बाहिर भए पनि शक्तिशाली मानिन्छ ।

भारतीय स्वतन्त्रता संग्रामका नेतामध्येका मोहमद अलि जिन्हाले अलग्गै मुस्लिम राज्यका रुपमा पाकिस्तान जन्माएका थिए । पाकिस्तान स्वतन्त्र भएको एक वर्षमै यसका जन्मदाता जिन्हाको निधन भयो । उनको निधनपछि उत्तराधिकारी को हो भन्ने विवाद चल्यो । पाकिस्तानको सेना सुरक्षाको नाममा सेना अघि सरे र सत्ताको नेतृत्वको लागि पनि लालयित भयो। पाकिस्तानको इतिहासमा कुनै पनि प्रधानमन्त्रीले आफ्नो पूर्ण कार्यकाल सत्ता सम्हाल्न पाएका छैनन् । सन् १९५८ मा जर्नेल अयुव खाँले सैनिक शासन सुरु गरेपछि कैयौं पटक सत्तामा सेना नै हावी भएको छ । सेना हावी हुँदा लोकतान्त्रिक नागरिक सरकारले पूर्ण कार्यकाल सत्ता चलाउन पाउने सवाल नै उठ्दैन ।

पाकिस्तान र भारतको विभाजनसँगै भारतमा जारी ब्रिटिस शासनको अन्त्य भएको थियो । त्यसैताका भारतमा लोकतान्त्रिक र दिगो नागरिक सरकार बनेको छ भने पाकिस्तानमा त्योभन्दा बढी सेनाले सत्ता चलाएको छ । पाकिस्तानका जन्मदाता जिन्हाको निधन भएकै समयमा भारतीय स्वतन्त्रता संग्रामका अहिंसावादी नायक महात्मा गान्धीको नाथुराम गोड्सेले हत्या गरेका थिए । गान्धीको हत्यापछि जवाहरलाल नेहरुले सत्ता सम्हालेको भारतमा राजनीतिक अस्थिरता आएन । भारतले यही बेला पाकिस्तानमाथि आक्रमण गऱ्यो । देशको सीमा सुरक्षाका नाममा पाकिस्तानी सेना अघि सऱ्यो । जिन्हापछिको राजनीतिक नेतृत्वको विवादमा सेनाले सत्ता नै हत्यायो । पाकिस्तानको राजनीतिमा कुनै अस्थिरता हुनासाथ सेना अघि सर्दै आएको छ ।

यसैबीच दक्षिण एसियाको आणविक मुलुक पाकिस्तानमा हिजो आमनिर्वाचन भएको छ। अतिवादी समूहको शृंखलाबद्ध हिंसा र सैन्य 'कु' को त्रासबीच नेसनल एसेम्बलीको २७० सिट र प्रान्तीय सभाको ५७० सिटका लागि देशभर निर्वाचन भएको हो।

झन्डै २० करोड जनसंख्या भएको पाकिस्तानमा साढे १० करोड मतदाता मतदानका लागि योग्य छन्। निर्वाचनमा सत्तासीन पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन) र पूर्वक्रिकेटर इम्रान खानले नेतृत्व गरेको पाकिस्तान तेहरिक-ई-इन्साफ (पिटिआई)बीच मुख्य प्रतिस्पर्धा हुने चुनावअघिका सर्वेक्षणहरूले देखाएका छन्।

निर्वाचन सहज बनाउन भन्दै देशभर ३ लाख ७१ हजार सेना परिचालन गरिएको थियो। निर्वाचनको दिन पाकिस्तानको इतिहासमा नै पहिलोपटक सबैभन्दा धेरै सेना परिचालन भएको हो। निर्वाचनको वातावरण 'सुरक्षित बनाउन' सेनाले स्थानीय निकायसँग सहकार्य गरेको जनाइएको छ।

सरकारबाट बिदा हुन लागेको पाकिस्तान पिपुल्स पार्टी-नवाज (पिएमएल–एन) का नेता तथा कार्यकर्तामाथि सेनाले पूर्वाग्रही ढंगले विभिन्न अभियोग लगाएको छ। आइतबार इस्लामाबाद उच्च न्यायलयका न्यायाधीश सौकाता अजिजले गुप्तचर सेवाले पाकिस्तानको न्यायपालिकामा हस्तक्षेप गरेको बताउँदै सेनाले न्यायाधीशलाई निर्वाचनअघि पूर्वप्रधानमन्त्री सरिफलाई रिहा नगर्न दबाब दिएको बताएका थिए। आर्थिक अनियमितता र भ्रष्टाचार आरोपमा सरिफलाई गत वर्ष सर्वोच्च अदालतले कुनै पनि सार्वजनिक पदमा रहन अयोग्य रहेको फैसला सुनाएको थियो। सो फैसला आफैँमा विवादास्पद भएको केही कानुनविद्हरूको तर्क छ।

पिएमएल–नवाजआबद्ध उम्मेदवारलाई महत्वपूर्ण सूचना चुहावट गर्न विभिन्न प्रलोभन देखाइएको छ। उनीहरूमध्ये केहीलाई पूर्वक्रिकेटर इम्रान खानको पाकिस्तान तेहरिक इन्साफ (पिटिआई) मा प्रवेश गर्न दबाब दिइएको छ।

निर्वाचनमा सेनाले पूर्वक्रिकेटर इम्रान खानको पिटिआईलाई खुलेर सहयोग गरेको आरोप लागेको छ। निर्वाचनको मुखमा अर्को पार्टी प्रवेश गर्न सेनाले दिएको दबाब अस्वीकार गर्ने उम्मेदवारको हत्या भएको छ। पाकिस्तानका प्रतिबन्धित केही लडाकु समूह निर्वाचन पक्रियामा सहभागी छन् भने केही अतिवादी समूहले राजनीतिक दलहरूलाई सहयोग गरेका छन्। प्रतिबन्धित समूहले इम्रान खानको पिटिआईलाई समर्थन गरेका छन्। निर्वाचन प्रक्रियामा सेनाको महत्वपूर्ण भूमिकालाई लिएर केही राजनीतिक दल र तिनका नेता असन्तुष्ट छन्।

युवा नेता बिलवाल भुट्टोले नेतृत्व गरेको पाकिस्तानको तेस्रो ठूलो दल पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) आबद्ध नेता तथा कार्यकर्तामाथि पनि सेनाले विभिन्न धम्की दिएको छ। बिलवाल तत्कालीन प्रधानमन्त्री बेनेजिर भुट्टोका पुत्र हुन्। पिपिपीले आयोजना गरेको चुनावी भाषणका क्रममा रावलपिन्डीमा सन् २००७ को डिसेम्बर २७ मा बेनेजिरको हत्या भएको थियो। केही पिपिपी नेता कार्यकर्तामाथि निर्वाचन अभियान बिथोलेको आरोप लागेको छ। पार्टी नेतामाथि विभिन्न अतिवादी समूहले शृंखलाबद्ध हमला गरेका छन्। प्रमुख विपक्षी अवामी नेसनल पार्टीले निर्वाचनकै मुखमा आफ्ना प्रभावशाली उम्मेदवार गुमाएको छ। पिटिआईले पनि आफ्ना दुई उम्मेदवार गुमाएको छ।



पाकिस्तानको सर्वोच्च अदालतले एक वर्षअघि प्रधानमन्त्री नवाज शरिफलाई पनामा पेपर लीक काण्डमा दोषी ठहर गर्दै पदबाट बर्खास्त गरिदियो। त्यसलगत्तै उनले राजीनामा दिए । हालै उनलाई १० वर्षको जेल सजाय दिएको छ। यसअघि उनले सेनाका कारण यसरी नै पद गुमाउनु परेको थियो। जुन पछिल्लो सैनिक 'कु' थियो।

राष्ट्रपति गुलाम इस्हाक खानले बेनजिर भुट्टोलाई दुई वर्षभन्दा पनि कम समयमा नै प्रधानमन्त्री पदबाट बर्खास्त गरेपछि भएको मध्यावधी विर्वाचनमा सन् १९९० मा पहिलो पटक नवाज शरिफ प्रधानमन्त्री भए । बेनजिर भुट्टोलाई बर्खास्त गर्नका लागि संविधानको धारा ५८-२ को प्रयोग गरिएको थियो । संविधानको यो प्रावधान जनरल जियाउल हकले सामेल गरेका थिए । जसअनुसार राष्ट्रपतिलाई निर्वाचित सरकारले संविधानअनुसार काम नगरेमा राष्ट्रपतिले तत्काल बर्खास्त गरी, संसद भंग गरेर नयाँ चुनाव गराउन सक्थे ।

सन् १९४७ मा भारत र पाकिस्तान बेलायती उपनिवेशसँगै विभाजित भए । सन् १९५८ मा अयुब खानले सैनिक 'कु' गरेर सत्तामाथि नियन्त्रण कायम गरे । दुई वर्षपछि अयुबले आफूलाई राष्ट्रपति घोषणा गर्दै ९ वर्षसम्म शासन गरे ।

सन् १९६९ मा जनरल अह्या खानले पनि सत्तापलट गरेर अयुब खानलाई हटाइदिए। बेनजिर भुट्टोका बाबु जुल्फिकर अलि भुट्टो प्रधानमन्त्री हुने बेलासम्म उनले पाकिस्तानमा शासन गरे ।

सन् १९७३ मा जब जुल्फिकर अलि भुट्टो प्रधानमन्त्री बने । त्यसपछि उनले जियाउल हकलाई सेनाको प्रमुखमा नियक्त गरे । तर अरु बेलाजस्तै एक पटक फेरि सैनिक 'कु' गर्दै सन् १९७८ मा जियाउल हकले नै सत्तामाथि कब्जा गरे र आफूलाई सेना प्रमुख बनाउने जुल्फिकर अलि भुट्टोलाई एक वर्षभित्रै फाँसीमा लट्काइदिए। सन् १९८८ मा जनरल जियाउल हकको एक विमान दुर्घटनामा मृत्यु भयो । तर पाकिस्तानमा सेनाको प्रभाव कायमै रह्यो ।

इतिहास फेरि अर्को पटक पनि दोहोरियो । सन् १९९९ मा नवाज शरिफ श्रीलंका गएका थिए । त्यसैबेला सेना प्रमुख परवेज मुशर्रफले सत्ता 'कु' गर्दै आफूलाई सत्तामा स्थापित गरे । उनले सन् २००८ सम्म शासन गरे र जनताले सैनिक शासनको मार खेप्नुर्पयो ।

पाकिस्तान निर्वाचन आयोगले सन् २०१३ को आम निर्वाचनको परिणाम १४ मे, २०१३ मा घोषणा गऱ्यो । नेशनल एशेम्बलीका ३४२ सिटमध्ये २७२ सिटका लागि चुनाव भयो। नवाज शरिफको पार्टी पाकिस्तान मुस्लिम लीग (नवाज) ले १२६ सिट, पाकिस्तान पिपुल्स पार्टीले ३१ सिट र इमरान खानको पाकिस्तान तहरिक ए इन्साफ पार्टीले २७ सिट हासिल गरे । त्यसबेला चार प्रान्तीय विधानसभा (सिन्ध, पञ्जाब, केपीके र बलुचिस्तान) का लागि पनि निर्वाचन भएको थियो । पाकिस्तानका ३४२ सिटमध्ये ६० सिट महिलाका लागि र १० सिट गैरमुस्लिमका लागि आरक्षणका रुपमा छुट्याइएको छ ।

यसैअनुसार पाकिस्तानमा २५ जुलाईमा नयाँ सरकारका लागि निर्वाचन हुन लागेको छ । यसपटकको निर्वाचन पहिलेभन्दो केही कुराले भिन्न छ । पाकिस्तानमा कुनै पनि जननिर्वाचित प्रधानमन्त्रीले आफ्नो पाँच वर्षे कार्यकाल पूरा गर्न पाएका छैनन् । पाकिस्तानमा सैन्य विद्रोहको इतिहास बलियो छ । पाकिस्तानमा पहिलो आम निर्वाचन सन् १९७० मा भएको थियो । यसपटकको चुनावपछि पाकिस्तानको इतिहासमा एक निर्वाचित सरकारले कुनै असैन्य सरकारलाई सत्ता हस्तान्तरण गरेको दोस्रो पटक हुनेछ ।

तीन पटक पाकिस्तानको प्रधानमन्त्रको पद सम्हालिसकेका पाकिस्तान मुस्लिम लीग (नवाज) का प्रमुख नवाज शरिफलाई चुनाव लड्ने स्वीकृति छैन । उनको पार्टीले सन् २०१३ को निर्वाचन जितेपछि प्रधानमन्त्री बनेका उनलाई गत वर्ष अदालतले प्रधानमन्त्री पदका लागि अयोग्य भएको फैसला सुनाएको थियो । नवाज शरीफले यी आरोपको खण्डन गर्दै यसमा सेना जिम्मेवार भएको आरोप अप्रत्यक्ष रुपमा लगाइरहेका छन् ।

यसपटक अधिक महिलाहरु चुनावी प्रतिस्पर्धामा छन् । पुरै देशको संसदमा २७२ सिटमा करिब १७१ महिला उम्मेदवार मैदानमा छन् । यसमा अली बेगम पनि छन्, जो पुरुषप्रधान कबायली इलाकामा चुनाब लड्दै गरेकी पहिलो महिला हुन् । पाकिस्तान निर्वाचन आयोगको नियम अनुसार कुनै चुनावी क्षेत्रमा १० प्रतिशतभन्दा कम महिला सहभागिता भयो भने चुनावी प्रक्रिया रद्द गरिदिन्छ ।

यसपटक पाकिस्तान मुस्लिम लीग (नवाज), पीपीपी, र पीटीआईजस्ता मुख्य पार्टीले राजनीतिकसँगै आर्थिक विकास, रोजगार, सस्तो स्वास्थ्य सेवा, जलसंकट, विद्युतजस्ता मूलभूत अत्यावश्यक मुद्दालाई जोडतोडका साथ उठाएका छन् चीनसँगको सम्बन्ध थप मजबुत पार्ने र सिन्धु नदी जल समस्या पनि पाकिस्तानको निर्वाचनको एजेन्डा बनेका छन् ।

क्रिकेटरबाट राजनीतिक यात्रा सुरु गरेका इमरान खानले ९ जुलाईमा 'द रोड टु न्यु पाकिस्तान' नामको घोषणापत्र जारी गरेका छन् । बलुचिस्तानको मुद्दा, आतंकवादविरुद्धको लडाईपनि यो चुनावमा मुद्दाका रुपमा उठेका छन् । सन् २०१३ को निर्वाचनमा पनि पाकिस्तान मुस्लिम लीगको घोषणापत्रमा बलुचिस्तानको अधिकार स्थापित गर्ने कुरा उल्लेख थियो । यसपटक पीपीपीको घोषणापत्रमा बलुचिस्तानका लागि तत्काल नयाँ पहल लिनुपर्ने आवश्यकता रहेको कुरा औल्याएको छ ।

कश्मिर मुद्दा पाकिस्तानको राजनीतिको सदाबहार मुद्दा हो । भारत र पाकिस्तान दुवै देशको कब्जामा कश्मिर विभक्त छ । भारतको नियन्त्रणमा रहेको कश्मिरमा पछिल्ला दुई वर्षदेखि हिंसा निरन्तर छ । त्यसो त यो ७० वर्षदेखिको समस्या हो । कश्मिर समस्या दक्षिण एसियाकै सबैभन्दा लामो विवादित मुद्दा पनि हो । संयुक्त राष्ट्रसंघले जनमत संग्रहमार्फत कश्मिर मुद्दाको हल खोज्नुपर्ने भनेपनि अहिलेसम्म कार्यान्वयन नहुँदा लाखौं कश्मिरीहरुले हिंसाको सामना गर्दै कष्टप्रद जीवन जिउनु परेको छ । पाकिस्तानले कश्मिर समस्याको समाधान त्यहाँका जनताको चाहानअनुसार हुनुपर्ने बताउँदै आएको छ । यो चुनावमा पनि कश्मिर मुद्दा पाकिस्तानको प्रमुख मुद्दा हो ।

## रोचक संसार

### सांसदका ५८ श्रीमती

५ पटक सांसद् तथा मन्त्रीसमेत भइसकेका एक व्यक्तिले जीवनमा ५८ वटी महिलासँग बिहे गर्लान् भन्ने कल्पना सायदै गर्न सकिएला । तर बागुन सुम्ब्रुइ नामका व्यक्तिले भने धेरै सांसद् तथा मन्त्रीले गर्न नसकेको काम गरिदिए । उनले आफ्नो जीवनकालमा ५८ जना श्रीमती भित्राए । उनले यतिधेरै पत्नी बनाए कि जीवनको अन्तिम समयसम्म आइपुग्दा उनलाई आफ्ना सबै पत्नीको नामसम्म याद थिएन ।

यस्ता कीर्तिमानी सांसदको गत जून २२ मा मृत्यु भएको छ । भारतको झारखण्ड राज्यको पहिलो विधानसभा उपाध्यक्ष बागुन सुम्ब्रुईको हालै ९६ वर्षको उमेरका निधन भएको छ । श्रीमतीका धनी यी पूर्वमन्त्री तथा पूर्व सांसद् निकै सादा जीवन व्यतित गर्दथे । गर्मी होस् वा ठण्डी जिउमा केवल धोती मात्रै लगाउँदथे ।

जीवनमा धेरै महिलासँग बिहे गर्नुको एउटा कारण बताइरहन्थे उनी । भगवान श्रीकृष्णको प्रेरणाले उनले ५ दर्जन 'गोपिनी' भित्राएका हुन् अरे । तर कृष्णले जस्तै शोषित पीडित महिलाको उद्धार गरी आफूले पत्नी बनाएको दाबी उनको थियो । आफ्नो शरणमा आउने हरेक महिलालाई आफूले सधैं साथ दिएको र अर्धांगिनी बनाएर राखेको उनको भनाइ छ ।

उनका अनुसार पहिले पहिले झारखण्डमा हुने हाटहरुमा आउने व्यापारीहरुले आदिवासी युवतीहरुलाई शोषण गरेर गर्भवती बनाउने गर्दथे । अन्जान व्यापारीबाट गर्भवती बनेर अलपत्र परेका युवतीहरुलाई उनले साथ दिन्थे र पत्नी बनाएर भित्राउँदथे ।

### जन्मियो ३ सय ७५ ग्रामको बच्चा

सोसल मिडियामा हालै एक खबरले तहल्का मच्चाइरहेको छ । भारतमा दक्षिण तथा दक्षिण पूर्व एसियाकै सबैभन्दा सानो बच्चा जन्मिएको छ ।

हैदराबादस्थित रेन्बो हस्पिटलमा हालै ३७५ ग्रामको बच्चा जन्मिएको छ । आखिर त्यति सानो बच्चा कसरी सकुशल जन्मियो भनेर डाक्टरहरु नै हैरान छन् ।

छत्तिसगढको एक दम्पत्तिले ३ सय ७५ ग्रामकी छोरी जन्माएका हुन् । आमा निकिताले गर्भ रहेको २५ औं हप्तामै छोरी जन्माएका कारण बच्चीको तौल यति कम भएको हो ।

डाक्टरका अनुसार सामान्य तालिका भन्दा ४ महिला पहिले बच्चीको जन्म भएको हो । बच्चीको लम्बाई २० सेन्टिमिटर मात्र रहेको छ । उनको जीउ यति सानो छ कि एक मुट्ठीमै समाउन सकिन्छ । आमा र बच्चाको स्वास्थ्य अहिले सामान्य रहेको डाक्टरहरुले बताएका छन् ।

### चिहान बेच्न चिठ्ठा

मान्छे गाड्ने चिहान जनतालाई बेच्नका लागि सरकारले गोलाप्रथाको सहारा लिएको सुन्नुभएको छ ? जर्मनीमा यस्तो घटना भएको छ ।

जर्मनीको बाभारिएन आल्पसस्थित बर्चेस्टगाडेन क्षेत्रमा स्थानीय सरकारले चिहानका लागि चिट्ठा खोल्न लागेको हो ।

अन्त्येष्टि स्थलको निकै नै अभाव रहेको उक्त क्षेत्रमा चिहानका लागि जग्गाको माग उच्च छ । तर माग अनुरुप चिहान उपलब्ध हुन सकेको छैन । त्यसैले चिहानका लागि उपलब्ध सीमित जग्गा व्यवस्थित ढंगले स्थानीय बासिन्दालाई उपलब्ध गराउनका लागि सरकारले गोलाप्रथाको घोषणा गरेको छ ।

१७ औं शताब्दीदेखिको उक्त अन्त्येष्टिस्थलमा स्थान अभावका कारण वर्षौंदेखि स्थानीय बासिन्दाको निवेदन स्थानीय सरकारले अस्विकृत गर्दै आएको थियो । हालै प्रयोगमा नआएको आसपासको जमिनलाई उपयोग गरी २ सय वटा चिहानका प्लट तयार गरिएको छ । नयाँ तयार पारिएको तिनै चिहान बनाउने जग्गाको टुक्रा बेच्नका लागि सरकारले गोलाप्रथाको घोषणा गरेको छ ।

सरकारले उक्त गोलाप्रथामा भाग लिनका लागि सबैसँग निवेदन माग गरेको छ । बुधबार गोला हालिनेछ र २ सय जनाले चिहान जित्नेछन् । अहिलेसम्म २ सय ८० वटा निवेदन परिसकेको बताइएको छ ।

### के भन्छ अंक विज्ञान ?

अंक विज्ञान वा न्युमोरोलोजीको हिसाबले पनि १३ अंकलाई शुभ मानिँदैन । यसको मुख्य कारण १२ अंकलाई मानिन्छ ।

वास्तवमा न्युमोरोलोजीमा १२ नम्बरलाई पूर्णताको प्रतीक मानिन्छ । त्यसैले त्यो पूर्ण अंकमा १ जोड्नुलाई दुर्भाग्यको प्रतीक मान्ने गरिन्छ ।

तर कतिपय मानिसहरुको मत के छ भने १३ नम्बरलाई अशुभ भन्नु केवल अन्धविश्वास हो र यसको कुनै वैज्ञानिक प्रमाण छैन ।

रोटी डढेको निहुँमा पत्नीलाई तलाक

भारतको उत्तर प्रदेशस्थित एक गाउँमा रोटी सेक्ने क्रममा डढाएको भन्दै एकजना मुस्लिम युवकले आफ्नी पत्नीलाई तिन तलाक भन्दै घरबाट निकालिदिएका छन् ।

उत्तरप्रदेशको महोबा जिल्लास्थित पहरेथा गाउँकी २४ वर्षीया एक युवतीले आफुलाई रोटी डढेको निहुँमा लोग्नेले तलाक दिएर घरबाट निकालेको उजुरी स्थानीय प्रहरी चौकीमा गरेपछि घटनाको खुलासा भएको हो ।

रोटी डढाएको निहुँमा पत्नीलाई तलाक दिने युवकको नाम निहाल खाँ हो । उनीहरुबीच गत जुलाई ४ मा विवाह भएको थियो ।

नवविवाहिता ती युवतीका अनुसार तलाक भनेर घरबाट बाहिर निकाल्नु भन्दा ३ दिनअघि उनलाई पतिले जलिरहेको चुरोटले सरीरका विभिन्न भागमा पोलिदिएका थिए ।

आफूलाई लोग्नेले तलाक भनेर घरबाट निकालेको भन्दै स्थानीय प्रहरी चौकीमा उजुरी गर्न गएकी ती युवतीलाई सुरुमा त प्रहरीले गाली गरेर पठाएछ । तर उनले हिम्मत नहारीकन माथिल्लो तहको पुलिस चौकीमा उजुरी गर्न पुगिन् । जहाँ उनको कुरा सुनुवाइ भयो ।

प्रहरी अधिक्षक कार्यालयले मातहतको स्थानीय पुलिस चौकीलाई उक्त घटनाको छानविन गर्न र श्रीमतीमाथि अत्याचार गर्ने युवक निहाल खाँ माथि घरेलु हिंसाको मुद्दा चलाउन आदेश दिएको छ ।

### लामो नङ चट

६६ वर्षसम्म आफ्ना औंलाका नङ पालिरहेका एक व्यक्तिले अन्ततः नङ काटेका छन् । भारतका ८२ वर्षीय श्रीधर चिल्लालले ८२ वर्षको उमेरमा नङ काटेका हुन् । उनले १९५२ देखि नङ पाल्दै आएका थिए ।

सन् २०१४ को नोभेम्बरमा उनले सबैभन्दा लामो नङ भएको व्यक्तिको रुपमा गिनिज बुकमा नाम लेखाएका थिए । त्यसबेला उनका नङको लम्बाई ९०९.६ सेन्टिमिटर थियो ।

यद्यपि, दैनिक जीवनका काम गर्न सकियोस् भनेर उनले केवल बायाँ हातमा मात्र नङ पाल्दै आएको थिए र दायाँ हातका नङ भने काट्दै आएका थिए । अहिले चाहिँ उनले आफ्ना बायाँ हातका कीर्तिमानी नङ पनि काटेका छन् । उनका नङ अमेरिकाको न्युयोर्कस्थित रिप्लिज बिलिभ इट अर नट म्युजियममा राखिएको छ ।

यति लामो समयसम्म नङ नकाटेका कारण उनको बायाँ हातमा भारी वजनका कारण समस्या उत्पन्न भएको थियो ।

भारतको महाराष्ट्रस्थित पूणेका बासिन्दा श्रीधर आफ्नो बायाँ हातका नङसमेत काटेपछि सामान्य जीवनमा फर्किएका छन् तर हात उठाउन र चलाउन भने गाह्रो हुने गरेको छ ।

६६ वर्षसम्म पालिरहँदा उनका नङ यति कडा भएछन् कि त्यसलाई काट्नका लागि फलाम काट्ने मेसिनकै प्रयोग गरिएको थियो ।

### दुनियाँकै सानो टापु

अमेरिकाको न्युयोर्कस्थित एलेक्जेन्ड्रिया नजिकै एउटा सानो टापु छ । यो विश्वकै सबैभन्दा सानो टापु हो । दुनियाँकै सानो यो टापुको नाम जस्ट रुम इनफ हो । यो टापुको आकार एउटा टेनिस कोर्ट बराबर छ । अझ अर्को रोचक कुरा त के भने यो टापुमा केवल एउटा घर र एउटा रुख छ ।

यो टापु घरको एउटा कुनाबाट सुरु भएर अर्को कुनासम्म मात्रै फैलिएको छ । विश्वका २ हजारभन्दा धेरै टापुहरु मध्येमा यो पनि एक हो । ३ हजार ३ सय वर्गफिटमा फैलिएको छ यो टापु । यसले सानो आकारको टापुको रुपमा गिनिज बुकमा नाम लेखाएको छ ।

यो टापुलाई यसअघि हब आइल्याण्डको नामले चिनिन्थ्यो । सन् १९५० मा एक परिवारले टापु किनेर त्यसमा घर बनाए र रुख रोपे । त्यसपछि टापुको नाम हब आइल्याण्डबाट बदलेर जस्ट रुम इनफ राखिएको हो । उक्त परिवारले छुट्टीको समय बिताउन खरीद गरेको यो टापु अहिले गिनिज बुकमा मात्र परेको छैन पर्यटकीय स्थल नै बनेको छ ।

### खुर्सानी खाने अनौठो प्रतियोगिता

झण्डै डेढ अर्ब जनसंख्या भएको देश चीनमा अनेक थरी प्रतियोगिता हुन स्वभाविकै हो ।चीनको हुनान प्रान्तमा यस्तै एक रोचक प्रतियोगिता हुन्छ, जसमा भाग लिन जोकोहीले हिम्मत जुटाउन गाह्रो पर्दछ ।

हुनान प्रान्तमा हरेक वर्ष खुर्सानी खाने प्रतियोगिताको आयोजना गरिन्छ । यो वर्षको प्रतियोगिता सोमबार सुरु भएको छ । खुर्सानी खाने प्रतियोगिताको विजेताले २४ क्यारेट सुनको सिक्का पाउँदछ । उक्त सिक्काको वजन ३ ग्राम हुन्छ । गत वर्षदेखि यो प्रतियोगिताको सुरुवात भएको हो र सुरुमा १० जनाले भाग लिएका थिए । सबैभन्दा छोटो समयमा ५० वटा खुर्सानी खानेले प्रतियोगिताको उपाधि जित्दछ ।

*अनलाइन खबरबाट*

# बाल विकास समाजका विविध कार्यक्रम



















## समन्वयात्मक बैठक तथा सम्झौता कार्य सम्पन्न

बाल विकास समाजले विगत २७ वर्षदेखि श्रमिक बालबालिका, सुविधाविहिन बालबालिका तथा जोखिममा परेका वा पर्न सक्ने बालबालिकाहरूको बाल अधिकारको विषयमा पनि विशेषगरी शिक्षा, स्वास्थ्य र बाल संरक्षण तथा जनचेतनामुलक कार्यक्रमहरू संचालन गर्दै आएको छ।

समाजमा पछाडि परेका तथा बाल अधिकारबाट बञ्चित रहेका बालबालिकाहरूको अवस्था सुधार्ने र बाल अधिकार प्रत्याभूतिका लागि विभिन्न कार्यक्रमहरूको साथै बाल विकासका लागि तालिम, कार्यशाला गोष्ठीहरूको सञ्चालन गर्ने, बाल विकासका विभिन्न पक्षहरूमा अध्ययन–अनुसन्धान गरी त्यस क्षेत्रका समस्या र तिनको समाधानका उपायहरू पत्ता लगाउने तथा तिनको कार्यान्वयन गर्ने साथै बाल अधिकारका क्षेत्रमा कार्यरत अन्य विभिन्न निकायहरूसँग समन्वय राखी कार्य गर्ने पनि यस समाजको उद्देश्य रहेको छ।

अधिकारमूखी र सेवामुखी कार्य गर्ने सिलसिलामा यस समाजले पछिल्लो समयमा बालबालिकाको चौतर्फि विकासको लागि बालबालिकासँग जोडिएर रहेको पक्षहरूसँग कार्य गर्दै आइरहेको छ।

यस संस्थाले Grande Holdings Pvt. Ltd को सहयोगमा काभ्रे जिल्ला पाँचखाल नगरपालिकाको वडा नं. १, २, ४ र ६ मा रहेका विद्यालयहरुको चौतर्फी विकास र बालबालिकाहरुको शैक्षिक गुणस्तरमा वृद्धि गर्ने उद्देश्य अनुरुप विभिन्न कार्यक्रमहरु संचालन गर्न लागिरहेको छ । उक्त वडाहरुमा रहेका सामुदायिक विद्यालयहरु श्री भग्रमदेवी माध्यमिक विद्यालय, श्री बाल प्रतिभा आधारभूत विद्यालय, श्री ज्ञानेश्वरी माध्यमिक विद्यालय, श्री सिर्जना आधारभूत विद्यालय, दुग्धेश्वर माध्यमिक विद्यालय र श्री समाजकल्याण आधारभूत विद्यालय गरी ६ वटा विद्यालयको Hardware and Software approach मा विकास गर्ने कार्य अघि बढेको छ ।

उक्त विद्यालयहरुसँग कार्यक्रम अगाडि बढाउनका लागि कार्य गर्ने सम्झौता यही साउन ४ गतेका दिनमा सम्पन्न भएको थियो । उक्त सम्झौता पाँचखाल नगरपालिकाको कार्यालयमा नगर प्रमुख महेश खरेल, उपप्रमुख लक्ष्मी दनुवार, वडाध्यक्षहरु, विद्यालयका प्रधानाध्यापक, व्यवस्थापन समितिका अध्यक्षहरु तथा बाल विकास समाजका कार्यक्रम व्यवस्थापक, Grande Holdings का अध्यक्ष तथा अन्य सदस्यहरु सहितको उपस्थिती रहेको थियो । बाल विकास समाजले उक्त कार्यका लागि प्राविधिक सहयोग गर्ने, अभिलेखिकरण गर्ने, समन्वय र सहकार्य गर्ने तथा रिपोडिङ्ग गर्ने कार्य जिम्मेवारी पाएको छ । विद्यालयमा कार्यक्रम संचालन गर्नका लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त गरी पाँचखाल नगरपालिकाबाट स्वीकृती लिइसकिएको छ ।

## किशोरकिशोरीहरुका लागि जीवनोपयोगी सीप तालिम

बाल विकास समाज र सुरेन्द्र ढकाल प्रतिष्ठानको संयुक्त प्रयासमा सञ्चालित विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत जनकल्याण उच्च माद्यामिक विद्यालयका किशोरकिशोरीहरुका लागि सञ्चालन भइ रहेको जिवन उपयोगी सीप तालिमको एघारौं हप्ता सम्पन्न भएको छ ।

संस्थाले तालिममा जीवन उपयोगी सीपका १० वटा विषयका बारेमा हरेक हप्ताको शनीबार छलफल चलाइरहेको छ । यसबाट सहभागीहरुलाई जीवन उपयोगी सीपका बारेमा थाहा पाउनुका साथै आफ्नो दैनिक जीवनमा सिकेका कुरालाई कसरी लागू गर्ने भन्ने सम्बन्धमा पनि उपायहरु सिकाउनु उनीहरुका लागि महत्वपूर्ण हुन्छ । विद्यालयको समन्वयमा सञ्चालित यो तालिमले किशोरकिशोरीहरुलाई सकरात्मक परिवर्तनको मार्ग देखाएको छ । एघारौं चरणको तालिममा निर्णय गर्ने सीपका बारेमा छलफल गराइएको थियो । तालिममा किशोरकिशोरीहरुले सक्रियता पूर्वक सहभागिता जनाएका थिए ।

विशेषगरी किशोरावस्थामा तनावलाई व्यवस्थापन गर्न सकिएन भने विभिन्न जोखिमपूर्ण व्यवहारमा लाग्न सक्ने हुनाले पनि यो तालिमलाई महत्वका साथ लिइएको हो । तालिममा सहभागी भएका किशोरकिशोरीहरुले निर्णय गर्ने सीपका बारेमा सिक्न पाउदा खुशी लागेको कुरा बताएका थिए । यो जीवनोपयोगी सीप तालिमबाट किशोरीकिशोरीहरुले दैनिक जिवनमा चाहिने आवश्यम सीपहरु सिक्नुका साथै उनीहरुको पढाइमा समेत सहयोग पुगेको कुरा स्वयम किशोरकिशोरीहरुले बताएका थिए । किशोरावस्थामा गरेको निर्णयले किशोरकिशोरीहरुको पूरै जीवनभरी नै प्रभाव पार्ने हुनाले हतारमा विचारै नगरी निर्णय गर्नु हुँदैन भन्ने कुराका बारेमा उनीहरुलाई आधारभूत ज्ञान यो तालिमबाट प्राप्त भएको छ ।

## रक्तअल्पताबाट बच्ने उपायको बारेमा अभिमुखीकरण

बाल विकास समाजले दिवा शिशु स्याहार केन्द्रका बालबालिकाहरुका आमाहरुलाई एक दिने रक्तअल्पताबाट बच्ने उपायको बारेमा अभिमुखीकरण सम्पन्न गरेको छ । उक्त अभिमुखीकरण कार्यक्रमको सहजीकरण संस्थाका हेल्थ इन्चार्ज राधिका श्रेष्ठले गर्नु भएको थियो । काठमाडौंका विभिन्न क्षेत्रमा मात्र नभइ नेपालमा रहका ४० प्रतिशत भन्दा बढी महिलाहरुलाई रक्तअल्पता भएको एक अनुशन्धानले देखाएको छ ।

महिलाहरुलाई यसको बारेमा स्वास्थ्य परामर्श नभएको र रक्त अल्पताको बारेमा कम ज्ञान भएका कारण यसको संख्या बढने सम्भावना रहको छ । अमेरिकामा बसेका नेपाली चिकित्सकहरुको संघ हिमालयन हेल्थ इनिसियटिभ एसोसिएसन अफ नेपाली फिजिसियन इन अमेरिका र बाल विकास समाजको संयुक्त प्रयासमा सञ्चालित मातृ शिशु स्वास्थ्य कार्यक्रमले उक्त छलफलको वातावरण तयार गरेको हो । सहजीकरणमा हेल्थ इन्चार्ज राधिका श्रेष्ठका साथै स्वयमसेविकाहरु अन्जली श्रेष्ठ र रन्जु माझीले पनि सहयोग गर्नु भएको थियो ।

छलफलम रक्तअल्पताको लक्षणहरु, यसका लटिलताहरु तथा नियन्त्रणका उपायहरुको बारेमा विस्तृत रुपमा छलफल गरिएको थियो । रक्तअल्पता भनेको रगतमा हेमोग्लोविन नामक तत्वको कमी हुनु हो र यसका विभिन्न कारणहरुमध्ये महिलाहरुको महनिावारीको समस्या पनि एक हो भन्न सकिन्छ । यो रोगको नियन्त्रणको उपाय भनेको फलफुल, माछामासु र सागसव्जी जस्ता खाद्य पदार्थको सेवन गर्नु हो । यस प्रकारको छलफलले हामीलाई रक्तअल्पताबाट बच्ने उपायको बारेमा थप सचेत गराएको कुरा सहभागीहरुले बताएका थिए ।

**प्रस्तुती : प्रदिपकुमार श्रेष्ठ/ गोविन्द वि. क.**

नियात्रा

**खोमदत्त बराल**

# बेलायतको सेरोफेरो-२६

२०६८/०४/१७

विविसीको घुमाउने घर । रर्वट विल्डीङ्ग भनिदो रहेछ । निकै ठूलो निकै क्षेत्र ओगटेको । भव्य भवन । सुन्दर अति सुन्दर । यसैको छेउबाट अघि बढ्दै इम्पेरियल कलेजको भव्य भवनलाई दाइ पट्टि पार्दै अघि बढियो । यो इम्पेरियल कलेज निकै धेरै क्षेत्र ढाकेर बेलायतको मुटुमा खडा छ । यसै बाटोबाट रेल टेसानमा पुगिदैछ । टेसनमा पुग्न भुइतलाबाट मानौं कि भूमिगत भने पनि हुन्छ । निकै अधेरो बाटोबाट पार गरेर टेसनमा पुगियो । टेसनमा ओष्टर कार्डले काम गरेन । खर्च घटेछ । पैसा थप गरेर पावर चढाइयो । ओष्टर कार्डले काम गऱ्यो । यो मेरो रेलका टिकट जस्तो । शुरु ठाउँबाट तोकिएको ठाउँसम्म एउटै टिकटले पुऱ्याउँछ । तर यो ओष्टर कार्डमा पटकपटक पैसा थप्नु पर्छ । तर एउटै कार्डले धेरै समय काम चल्छ ।

दुई ठाउँमा रेल चेञ्ज गरेर उलवीच आइपुगियो । कोठामा प्रवेश भयो । छोरी अडा तले काठमाण्डौको घरलाई बास बस्ने घर चाहि बाबाले बनएको रहेछ । अवस्थाले मानिसलाई ठिक ठाउँमा ल्याउँछ । जीवनसंग सम्झौता गर्न मानिसलाई समयले सिकाउँदो रहेछ । सानी छोरी काठमाण्डौको नेपाल इञ्जीनियरिङ्ग कलेजमा पढ्थिइन्  दुई अढाइ वर्षको पढाइमा साथी भाइसंग चिनजान स्वभाविक हुन्छ । एक जना प्रतीक पोहदार म्याथमा अलि बढी चासो राख्ने युवक थिए । उनले म्याथमा निकै सहयोग पुऱ्याए । तर पछि छोरी पनि आफ्नो म्याथ विषयमा राम्ररी ज्ञान गर्न सफल भइन । म्याथमा खासै समस्या परेन । प्रथम श्रेणीमा पास गरेर बेलायत पढ्न विचारमा थिइन । यी आमाबाबुले छोरीलाई पढाउन हरसम्भव सहयोग गर्नु नै पर्ने थियो । पढ्न अंग्रेजी भाषाको शिक्षाका लागि व्यवस्था पनि भयो । अंग्रेजी पनि पास गरिन ।

छोरीले आफ्नो पढाइको समयमा नै एक जना असिम खडका संग अलि गाडा साथी बनाइछन् सायद, जीवन साथीको रुपमा सपनासंगालेको खबर माताजीका कानमा पुऱ्याएछन् । म बाबु भएको कारणले पनि उनको इच्छामा सहजीकरणको भुमिकामा आफूलाई आश्वास्त तुल्याए । पैदल यात्रामा आफ्ना पाइला गन्ने मात्र हो । दुःख सुख आफैमा पर्छ । गाडी हवाई जहाजको यात्रा संयन्त्रको क्षमता पनि हो । अरु जोखिमको विषय पनि पर्छ । काठमाण्डौ फिर्ने क्रममा ५ बजे DLR को ट्रेन टिपियो । पाँच सात टेसन हिडेपछि फेरी अर्को Jubilec Line को ट्रेन पक्रेर अघि बढ्दै जाँदा लण्डन व्रिजमा अर्को Piccadiling Line चढेर हिथ्रो हवाई अड्डामा दुई घण्टाको बाटो पार गर्दै पुगियो । भिक्टोरिया लाइनमा चढ्नै परेन ।

बेलाको राग कुवेलको वैराग के अर्थमा लिनु पर्छ । पिकाडेलीमाको ट्रेन चढ्ने समयमा प्रशस्त भिड थियो । चढनलाई निकै कठिन पनि पऱ्यो । दुईटा सुडकेस । २०/२० किलो समान थियो । केटाकेटीले गुडाउने सम्म सहज हुने तर बोक्नै पर्दा भने गाह्रौ नै थियो । बल्ल बल्ल चढियो । केटाकेटी आफ्नो आफ्नो साइड लागे । आफू भित्र पस्न मात्र सकिएको थियो । एक जना राम्रै सेतो ज्यानको पोथिजानको मानिस ज्यानसंग जोतिदै चढिन् । उनको चाहना भन्दा बाध्यता नै होला । उनका गतिला कुल्चेडाले ढाडसंग मितेरी लाए । धल्ने ठाउँ पनि थिएन । दुई चार मिनेट ठेलम ठेलाको सेवा रह्इो । यस्ती अवस्थामा पर्ना आत्मिक रुपमा चक्षु सम्बन्धले मित्र सम्म टटोल्न सहयोग पुऱ्यायो । उनले तुलसीको माला लगाएको कारणले पनि आत्मियताको उजा र आमा प्रस्फुटन भएको हुनु पर्छ । वास्तवमा ऋषिमुनी र आध्यात्मिक चिन्तनमा लागेका आत्मा चिन्तकहरुलाई शरीर सम्बन्धको लोभले छुदैन रे । तृष्णा नियन्त्रणमा रहन्छ रे । उनमा रहेका आकर्षक दृष्टिले दिव्य दृष्टिको रुपमा विकसित भएको भए ध्यान तपस्याको केही माम विकसित हुँदै रहेको आत्मा चिन्तनको मूल्याङ्कन गरेको पनि हुन सक्छ । तर बोलने र छलफल गर्दा पाउने अवसर भएन । नजिकमा पर्न पाएको भए आदरपूर्वक केही ध्यान तपस्या, आत्माज्ञान आत्मा चिन्तनको सन्दर्भमा विचार विमर्स र सत्संगको प्रयास हुने थियो । करिब दुई घण्टा नै लागयो हिथ्रो पुग्न । भित्र पुगेर झण्डै एक घण्टा सामान जोखाएर बोडिङ्ग पास लिन लाग्यो ।

*क्रमशः*

## बल्ल...

सिर्जना गरेपछि व्यापारिक समस्या सहजीकरण गर्न फिल्ड अफिस स्थापना भएको थियो । सुरुमा विराटनगरको बरगाछीमा स्थापना गरिएको कार्यालय सहमतिअनुसार सन् २०१० मै हट्नु पर्थ्यो । सरकारले कार्यालय हटाउन भारतलाई पत्राचार गरे पनि उसले अटेर गरी बरगाछीबाट अझ सुविधा सम्पन्न थापा निवास टोलमा सञ्चालन गर्दै आएको छ ।

मोटरगाडीहरुको अनुमति, भारतीय नागरिकका लागि प्रमाणपत्र दर्ता, दस्तावेजको प्रमाणिकरण अब काठमाडौंस्थित दुताबासबाट हुने दुताबासका प्रवक्ता रोशन लेप्चाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

## देशमा...

गर्नु परेको थियो । आम जनताले बाँच्न पाउनुपर्छ भन्ने पक्षमा अनशन हुने गरेको र कति अनशनले सफलता पाएको कत्ति अनशन अधुरो रहेको पाइन्छ । डा. गोविन्द केसीको १५ औं अनशनले सरकारको दुईतिहाईको दम्भ तोड्छ तोड्दैन त्यो भने परखकै विषय भएको छ ।

डा. केसीको माग पूरा गरिए इतिहासकै शक्तिशाली सरकारले घुँडा टेकेको सन्देश प्रवाह हुने डर छ सरकारलाई । माग सम्बोधन नगरिए केसी अनशनको झिल्काले डढेलोको रुप लिने भयले आक्रान्त छ सरकार । कांग्रेसले कमजोर त्यान्द्रो समातेर आन्दोलन गरेको, लासमाथि राजनीति गरिरहेको जस्ता आरोप सरकारले लगाइरहेको छ । आन्दोलनमा गेरुवस्त्रधारी, जोगीहरु जस्ता अनौठा मान्छे देखिएका छन् भनेर प्रधानमन्त्री मानवाधिकारवादीहरुलाई व्यंग्य कसिरहेका छन् । कसैले म प्रधानमन्त्री हुन पाउनुपर्छ भनेर सडकमा अनशन बसे के त्यसलाई प्रधानमन्त्री बनाउने जस्ता वचकना तर्क नेकपाका नेताहरु गरिरहेका छन् । डा. केसीलाई कांग्रेस र साझा विवेकशील पार्टीले उचालेको सरकारको आरोप छ । सुशील कोइराला प्रधानमन्त्री हुँदा पनि केसी चिकित्सा शिक्षा सुधारको माग राखेर अनशनमा बसेका थिए । केसीकै अनशन तागतले माथेमा आयोग बनेको थियो । माथेमा आयोगको प्रतिवेदनमा आधारित देउवा सरकारले ल्याएको अध्यादेश जसलाई राष्ट्रपतिले समेत प्रमाणित गरिसकेकी थिइन् । त्यसलाई उल्टाएर अहिले सरकारले विधेयक ल्याउनु भनेको शिक्षा र स्वास्थ्यप्रति सरकार जिम्मेवार नहुनु हो । समाजवादको उद्देश्य लिएको सरकार शिक्षा, स्वास्थ्य, ऊर्जा, ढल निकास, यातायात, खानेपानी जस्ता जनसरोकारसँग प्रत्यक्ष जोडिएका विषयहरुबाट समेत भाग्न खोज्दैछ ।

यातायात क्षेत्रको सेन्डिकेट तोड्ने प्रयासमा समेत सरकार विफल देखिएको छ । सबै क्षेत्रको सेन्डिकेट अन्त्य गरिने प्रधानमन्त्रीको भनाइ हावादारी गफमा परिणत भएको छ । यातायात क्षेत्रको सेन्डिकेट फेरि ब्युँतिएको छ । अन्यत्रको सेन्डिकेट तोड्ने सरकारले साहस समेत गर्न सकेन । उपत्यकाबाट हटाइएका २० वर्षे पुराना गाडीलाई सरकार फेरि रुट इजाजत दिने भित्री तयारीमा रहेको समाचार बाहिर आइरहेको छ ।

ठेक्का लिने तर निर्माण कार्य नगर्ने ठेकेदारहरुलाई कारबाही गर्न तम्सिएका गृहमन्त्री प्रचण्डका घरबेटी शारदा अधिकारी तानिने भएपछि चुपचाप बसेका छन् । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सशस्त्र र जनपद प्रहरीलाई लाठीचार्ज गर्न लगाएर उनी जनस्तरमा आलोचित भएका छन् । ठूलठूला युद्धमा समेत अस्पताल र शिक्षण संस्थामा सैन्य फोर्सले आक्रमण गर्दैनन् । तर केसीको सत्याग्रहमा प्रहरी परेड खेलाएर सरकारले अधिनायकवादी चरित्र प्रदर्शन गरेको छ । संस्कृत विश्वविद्यालयका उपकुलपतिलाई एयरपोर्टबाट हाइज्याक गरेर बालुवाटारमा बन्दी बनाइनु, डाक्टरहरुलाई गृहमा बोलाएर हडताल नगर्न कागजमा सही गराउनु, अनशनरत डा. केसीलाई जुम्लाबाट अपहरण शैलीमा काठमाडौं ल्याउनु, मन्त्रीलाई प्रश्न सोधेकै कारण कार्यक्रम बन्द गरिनु र प्रस्तोता हटाइनु, मनपरी ढंगले आफ्ना कार्यकर्ताहरुलाई राज्यकोषबाट रकम बाँड्नु, निषोधाज्ञा जारी गर्नु जस्ता सरकारका कार्यशैलीले मुलुकमा मुठभेडको राजनीतिलाई आमन्त्रण गरेको छ ।

दक्षिण अफ्रिकामा नेल्सन मण्डेला सत्तामा आउँदै गर्दा नेपालको निरंकुश पञ्चायती शासन ढलेको थियो । मण्डेलाले दक्षिण अफ्रिकालाई विश्वकै २५ औद्योगिक राष्ट्रको सूचीमा सूचिकृत गराए । प्रतिव्यक्ति आय धेरै भएका सात मुलुकमध्येमा दक्षिण अफ्रिका पर्छ । तर नेपाल विश्वका गरिब देशहरुमध्ये तेस्रो स्थानमा झरेको छ । २७ वर्ष जेल बसेका मण्डेलाले दक्षिण अफ्रिकालाई भ्रष्टाचार मुक्त सुशासन र विकाससहितको राजनीतिले समृद्ध बनाए । तर १४ वर्ष जेल बसेका प्रधानमन्त्री ओली प्रतिपक्ष कांग्रेस र डा. केसीलाई एउटै तराजुमा राखेर पेलानको रणनीति अख्तियार गरिरहेका छन् । यसले देश अब समृद्धितर्फ होइन फेरि मुठभेडको भिरतर्फ धकेलिँदैछ ।

## के थियो...

हुनुपर्थ्यो । तर ओली सरकारले आफैंले ल्याएको अध्यादेश पारित गराउनुको सट्टा त्यसका केही बुँदाहरु संशोधन गर्दै नयाँ विधेयक दर्ता गऱ्यो । सदनबाट पारित नभएपछि विधेयक स्वतः खारेज भयो । अध्यादेशसँगै चिकित्सा शिक्षा आयोग पनि खारेजीमा पऱ्यो । अध्यादेशकै स्वरुपमा चिकित्सा शिक्षा विधेयक ल्याउनुपर्ने माग गर्दै केसीले जुम्लामा अनसन सुरु गरे ।

अध्यादेशमा भएको तीन विषय सरकारले फेर्न खोजेको छ । केसीको १३ पटकको अनशनपछि भएको सहमतिअनुसार ल्याइएको अध्यादेश र अहिले सरकारले ल्याएको विधेयकमा तीन व्यवस्था फरक छन् पहिलो, देउवा सरकारले गत कात्तिकमा ल्याएको र ओली सरकारले गत वैशाखमा जस्ताको तस्तै दोहोऱ्याएको अध्यादेशको उपदफा ५ (ख) मा भनिएको छ । कुनै पनि मेडिकल कलेज सञ्चालन गर्दा आफ्नै अस्पताल पूर्ण रुपमा सञ्चालन गरेको तीन वर्ष पूरा भएको हुनुपर्ने छ ।

तर विधेयकमा भनिएको छ- 'अस्पताल पूर्ण रुपमा सञ्चालन गरेको छैन भने शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन । यसको मतलब अस्पताल सुरु गर्नासाथ मेडिकल कलेजको स्वीकृति प्राप्त हुनेछ । यसका लागि विद्यार्थीले प्रयोगात्मक कक्षा पाउन बिरामी भएको अस्पताल अनिवार्य हुने छैन । यसरी अध्ययन र अनुभवका आधारमा होइन, पैसा र पहुँचका आधारमा प्रमाणपत्र बाँड्ने व्यवस्थालाई प्रबर्द्धन गर्न सरकारले खोजिरहेको छ ।

दोस्रो, अध्यादेशको उपदफा ६ मा भनिएको छ- 'एक विश्वविद्यालयले पाँचभन्दा बढी शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन ।' त्रिवि र अन्य विश्वविद्यालयका प्रोफेसर डाक्टर हरहमेशा काठमाडौंमा हुन्छन् । उनीहरुको काम पढाउने भए पनि जान भ्याउँदैनन् । प्राध्यापनमा समर्पित प्रोफेसरहरुको अभावमा मेडिकल कलेजहरुले भारतबाट एक दिनका लागि ल्याउने खडेबाबाहरुको तस्बिर खिच्ने, प्रस्पेक्टरमा राख्ने र त्यसकै आधारमा व्यापार गर्ने प्रचलन बढ्नेछ । खडेबाबाले दिएको शिक्षाले कस्ता चिकित्सक उत्पादन गर्छ ? उत्पादित चिकित्सकले कस्तो जनस्वास्थ्य दिन्छन् ? यस्ता प्रश्नका आधारमा मेडिकल कलेजको संख्या सीमित गर्न अध्यादेशमा व्यवस्था गरिएको थियो । दाहिने घुँडाको पांग्राको अप्रेसन गर्नुपर्नेमा देब्रे घुँडाको अप्रेसन गर्ने, पेटभित्रै कैंची छोडेर सिलाउने, छातीमा समस्या भएकालाई पेटको अप्रेसन गरिदिने जस्ता अदक्ष डाक्टरहरु विधेयकले जन्माउनेछ ।

सरकारले ल्याएको विधेयक पारित भएमा एउटा विश्वविद्यालयले आफूले अनुगमन गर्न नभ्याउने अवस्थामा पनि करोडौं रुपैयाँ लिएर सम्बन्धन दिन सक्नेछ । अध्यादेशको उपदफा ७ मा भनिएको छ- काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा दस वर्षसम्म कुनै पनि शिक्षण संस्थालाई सम्बन्धन नदिने वा चिकित्सा शिक्षासम्बन्धी कुनै संस्था वा प्रतिष्ठान स्थापना गरिने छैन ।' शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवा व्यापारका आधारमा होइन, जनसंख्याका आधारमा समानुपातिक वितरण गरिनुपर्ने हो । प्रदेश ३ मा १० वटा मेडिकल कलेज छन् । प्रदेश सातमा एउटा पनि छैन । प्रदेश ३ मा ५ लाख जनसंख्या बराबर एक मेडिकल कलेज छ भने प्रदेश २ मा ५४ लाख जनसंख्या बराबर एउटा मेडिकल कलेज छ । काठमाडौं बाहिर मेडिकल कलेज खोल्न र चिकित्सा शिक्षालाई विस्तार गर्ने लक्ष्य अध्यादेशले लिएको थियो । राजधानीमा मात्र मेडिकल कलेज खोल्ने प्रतिस्पर्धालाई विधेयकले रोकेको थियो । तर सरकारले संसदमा दर्ता गरेको विधेयकमा यो प्रावधान सम्पूर्ण रुपमा खारेज गरिएको छ । काठमाडौंमा जत्ति पनि मेडिकल कलेज खोल्न सकिनेछ ।

## पुष्पलाल स्मृतिमा...

जनताले निःशुल्क सेवा पाउनुपर्छ भन्ने अवधारणा राख्दै आएको र डा. केसी त्यसै विषयलाई लिएर अनशन बसेकाले उहाँको सत्याग्रहप्रति मैनालीले पूर्ण ऐक्यबद्धता प्रकट गर्नुभयो ।

वर्तमान सरकार कालो धनलाई सेतो बनाउने माफियाहरुले खोलेका मेडिकल कलेजलाई वैधता दिलाएर माफियाको कमिसनमा रजगज गर्ने मनशायबाट प्रेरित भएकाले नीति, सिद्धान्तलाई तिलाञ्जली दिएर नांगो रुपमा पुँजीवादी सरकार सञ्चालन गरिरहेको हुनाले समाजवादी र कम्युनिस्टको नक्कली बिल्ला भिर्नुको औचित्य नरहेको बताउनुभयो । उहाँले मुलुकमा पर निर्भरता बढेर व्यापारघाटा चुलिएकोप्रति चिन्ता व्यक्त गर्दै सरकार रेल र पानीजहाजको अनुत्पादक सपनाको रटान लगाउँदै आत्मरतिमा मग्न रहेको बताउनुभयो । मैनालीले संकटग्रस्त मुलुकको निकास जनवादी क्रान्तिबाट मात्र सम्भव भएको भन्दै सबै तह र तप्काका जनता एकढिक्का भएर संघर्ष गरेर क्रान्तिको कार्यभार पूरा गरे मात्र पुष्पलालप्रति सच्चा श्रद्धाञ्जली प्रकट हुने धारणा राख्नुभयो ।

वरिष्ठ पत्रकार भैरव रिसालले आफू सिंगो कम्युनिस्ट पार्टीको पुष्पलालको कार्यकर्ता भएको बताउँदै पुष्पलालसँग बिताएका क्षणहरुको स्मरण गर्नुभयो । उहाँले पुष्पलालले कार्यकर्ताका सानातिना समस्यामाथि समेत ख्याल गर्ने गरेको तर अहिलेका नेताहरु कार्यकर्ताको पहुँचभन्दा टाढा रहेको बताउनुभयो । पुष्पलालको सादा जीवनको अनुशरण सबै नेता कार्यकर्ताले गरेमा मात्र उहाँप्रति श्रद्धाञ्जली प्रकट हुन सक्ने रिसालले बताउनुभयो । नेकपा मालेले आफूलाई सम्झिएर सम्मान गरेकोमा उहाँले धन्यवाद ज्ञापन गर्दै आफूलाई गौरव लागेको बताउनुभयो ।

अर्का अतिथि वक्ता पुष्पलाल अध्ययन प्रतिष्ठानका अध्यक्ष लोककृष्ण भट्टराईले पुष्पलालसँगका प्रसंगहरु उल्लेख गर्दै पुष्पलालको साझा जीवन उच्च विचार सधैं सम्झनुपर्छ भन्नुभयो । भट्टराईले कांग्रेस अहिले गोविन्द केसीको पछाडि दौडिए पनि ऊ समाजवादी होइन, त्यसैले समाजवाद बोक्ने कम्युनिस्टहरुले नै हो र अबको प्रतिस्पर्धा पनि कांग्रेससँगै हो भन्नुभयो ।

उहाँले पुष्पलालले दिएको एकताको सन्देशलाई अनुशरण गर्दै अहिले पुराना नेताका रुपमा रहनुभएका सीपी मैनाली, मोहन वैद्य, मोहनविक्रम सिंह एकै ठाउँमा उभिएर प्रचण्ड र केपीलाई सही ट्रयाकमा ल्याएको खण्डमा सही समाजवादी बाटोमा पुग्न सकिन्छ भन्नुभयो । पुष्पलाल नेपालका मात्र नभएर भारत र दक्षिण एसियाका अरु कम्युनिस्टहरुले पनि मानेका नेता भएकाले पुष्पलालले देखाएको बाटोमा लाग्न सबैलाई अध्यक्ष भट्टराईले आग्रह गर्नुभयो । समाजवादका अनुयायी प्रचण्डहरुले करोडौंको गाडी होइन, सुमो चढेर हिँड्नुपर्ने सल्लाह पनि उहाँले दिनुभयो ।

जनसमाजवादी पार्टीका अध्यक्ष सुवासराज काफ्लेले पुष्पलालको सम्झना गर्दा वार्षिक श्राद्ध गरेजस्तो नभई फरक ढंगले सम्झनुपर्छ भन्नुभयो । पुष्पलाल आजभन्दा ७० वर्षअघिको जहाँनियाँ राणाशासनको समयमा कम्युनिस्ट पार्टी निर्माण गरी समाजवादी बाटोमा जाने फराकिलो चिन्तन गर्ने अद्वितीय नेता भएको बताउँदै उहाँले देखाएको बाटोको अनुशरण गर्नुपर्छ भन्नुभयो । अध्यक्ष काफ्लेले सीपी मैनालीलाई विचार मिल्ने कम्युनिस्टहरु एक हुने अभियान थाल्न आग्रह गर्दै आफू सदा एकताको पक्षमा रहेको बताउनुभयो ।

प्रेस काउन्सिल नेपालका पूर्वअध्यक्ष तथा वरिष्ठ अधिवक्ता वोर्णबहादुर कार्कीले कम्युनिस्ट पार्टीले ६९ वर्षको यात्रा पूरा गर्दा पनि पुष्पलालले खनेकै सैद्धान्तिक बाटोमा हिँडिरहेकाले पुष्पलाल एक युगद्रष्टा नेता रहेको बताउनुभयो । २००६ सालदेखि क्रान्तिका लागि बगेका पसिनाको उपलब्धिको रक्षा गर्दै प्राप्त उपलब्धिलाई जनहितमा लगाउँदै मुलुक बनाउने दिशामा कम्युनिस्ट पार्टीहरुको ध्यान केन्द्रित हुनुपर्नेमा उहाँले जोड दिनुभयो । कम्युनिस्ट पार्टीको उग्र वामपन्थी धार सन्तुलित धारमा आउँदा मात्र परिवर्तनका उपलब्धि हासिल भएकाले सन्तुलित धारबाटै अघि बढ्ने सुझाव उहाँले दिनुभयो । कम्युनिस्ट आन्दोलन बचाउन पुष्पलालको सन्तुलित धारको सिद्धान्तले मात्र सहयोग गर्ने उहाँको धारणा थियो ।

नेकपा (माले) का पोलिटब्युरो सदस्य सुरेन्द्र ढकालले पुष्पलालले देखाएको संयुक्त जनआन्दोलनको बाटो बीपी कोइराला भएसम्म सम्भव नभएको बीपीको अवसानपछि गणेशमानले संयुक्त जनआन्दोलन स्वीकारेपछि मात्र २०४६ को परिवर्तन सम्भव भएको बताउनुभयो । बीपीका भाइ कट्टर कम्युनिस्ट विरोधी गिरिजाप्रसाद कोइराला पनि ०६२।६३ को संयुक्त जनआन्दोलनमा आएका कारण दोस्रो जनआन्दोलन सम्भव भयो । पुष्पलालको सिद्धान्त यी दुई ठूला जनआन्दोलन व्यवहारको कसीमा परीक्षण भएर सफल भएको भन्दै ढकालले अब पनि पुष्पलालले देखाएको बाटोको महत्व नघटेको बताउनुभयो ।

नेता ढकालले संविधानमा लेखेको समाजवाद उन्मुख भन्ने कुरा किराना पसलमा लेखिएको आज नगद भोलि उधारो जस्तो कहिल्यै पूरा नहुने शब्द भएको भन्दै समाजवाद उन्मुख भएको भए शान्ति सुरक्षा, स्वास्थ्य, शिक्षा, पानी बिजुली, यातायात, सञ्चार, सामाजिक सुरक्षा, रोजगार, खाद्यसुरक्षा आपूर्ति जस्ता कुरा राज्यको पूर्ण नियन्त्रणमा हुने थिए । तर यो सरकार स्वास्थ्य जस्तो आधारभूत कुरा व्यापारीको हातमा सुम्पिएर कम्युनिस्टको सरकार होइन, कमाउनिष्टको चरित्र प्रदर्शन गर्दैछ भन्नुभयो । गोविन्द केसीको अनशनले यिनीहरुको चरित्रको भण्डाफोर भएको बताउनुभयो । कमाउनिस्टहरुको पतन भएर सच्चा कम्युनिस्टको अभ्यास असम्भव रहेकोमा उहाँले जोड दिनुभयो ।

काठमाडौं उपत्यका ब्युरोका सहसंयोजक सिद्धि महर्जनको सभापतित्वमा भएको कार्यक्रममा केन्द्रीय सदस्य तेजेन्द्र प्रसाईले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको सञ्चालन उपत्यका ब्युरोका सहसंयोजक दिनेश खातीले गर्नुभएको थियो भने सम्पूर्ण अतिथि तथा सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै पोलिटब्युरो सदस्य कृष्ण रानाले कार्यक्रमको समापन गर्नुभएको थियो ।

## पशुपतिनाथ...

देवात्मको रुद्रः सर्वे देवाः शिवात्मकाः । रुद्रात्प्रवर्तते बीजं बीजयोनिजनार्दनः । यो रुद्रः स स्वयं ब्रह्मा स हुतासनः । ब्रह्माविष्णुमयो रुद्र अग्निषोमात्मक जगत । यस कथनबाट रुद्र नै मूल प्रकृति पुरुषमय आदिदेव साकार ब्रह्मया ब्रह्मा हुनुहुन्छ भन्ने प्रमाणित हुन्छ । संसारको बन्धनमा परेका सम्पूर्ण जीवात्माहरु नै पशु कहलाउँछन् । तिनको पति र इष्टदेव मै हुँ । त्यसैले विद्वानहरु मलाई पशुपति भन्दछन् । म आफ्नो लीलाको क्रममा ती पशुहरुलाई माया रुप पाशद्वारा बाँध्छु । वेदवेत्ताहरु ती पशुहरुको मुक्तिदाताका रुपमा मलाई नै बताउँछन् । मायाको पाशद्वारा बाँधिएकाहरुलाई छुटकारा दिलाउने सम्पूर्ण प्राणीको अधिपति मै परमात्मबाहेक अर्को कोही छैन । अविनाशी म परमात्मा नै तिनीहरुलाई मुक्त गरिदिन्छु । पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच महाभूत, पाँच प्राण, मन, बुद्धि, चित्त र अहंकार यति चौबीस तत्वहरु र मायाले सिर्जना गरेको गुणहरुको यो समूह नै जीवात्मालाई बाँध्ने पाश कहलाउँछन् ।

पशुपतिका पाशका रुपमा यिनै चौबीस तत्व हुन्छन् । अनि भवबन्धनका रुपमा चाहिँ अनेकौं क्लेशहरु हुन्छन् । एवं प्रकार पशुत्वबाट मुक्ति दिलाउने मार्गमा पाशुपत योग र रुद्राष्टाध्यायी महत्वपूर्ण साधना देखिन्छन् । जीवलाई बन्धनरुप पाशबाट मुक्त गर्नका लागि यो पाशुपतनामक योग भनिएको हो । यो सम्पूर्ण वेदान्तको सार हो र श्रुतिमा यस योगको अवस्थालाई सबै आश्रमहरुको अवस्थाभन्दा उत्कृष्ट बताइएको छ । एवं प्रकार सृष्टिका सबै जीवहरु श्वास प्रश्वासका आधारमा जीवित रहने हुँदा उनीहरुको जीवन सञ्चालनमा प्रत्यक्ष प्रभाव पार्ने भगवान पशुपतिनाथद्वारा प्रदत्त पाशुपत योग, विश्व व्यवस्थाको महत्वपूर्ण साधना र आस्था बन्दै गइरहेको छ । संयुक्त राष्ट्रसंघद्वारा समेत विश्व योग दिवसका रुपमा मान्यता पाउनुले पनि विश्व व्यवस्थामा महत्वपूर्ण भूमिका प्राप्त गरेको छ । आ यद् वामीयचक्षसा मित्र वयं च सुरयः । व्यचिष्ठे बहुपाय्ये यतेमही स्वराज्ये अर्थात् विस्तृत र बहुमतद्वारा जसको पालन हुन्छ त्यस्तो स्वराज्य शासनमा जनताको भलाइका खातिर लागिरहौं भन्ने ऋग्वेदको सिद्धान्तले प्रजातन्त्र, राष्ट्रियता र समावेशितालाई सम्बोधन गर्दै विश्व व्यवस्थाको मार्गदर्शन गराउनुले पनि वेद र शिवको औचित्य प्रमाणित हुन पुगेको छ । उपासना र मुक्तिका साथै दैनिक समाज र राष्ट्र सञ्चालन गर्दै विश्वलाई एकीकृत गराउने वैदिक स्वराज्यको अवधारणाले विश्वलाई नै आकर्षित तुल्याउँदै सबैको साझा र मान्य देवताका रुपमा पशुपतिनाथ स्थापित हुनुभएको छ । भगवान् पशुपतिनाथले सबैको कल्याण गरुन् ।

## डा. केसी...

स्थायी कमिटीको बैठक विभिन्न महत्वपूर्ण आन्तरिक सांगठानिक तथा समसामयिक राष्ट्रिय राजनीतिक निर्णयहरु गर्दै सम्पन्न भएको छ ।  बैठक महासचिव क. सी.पी. मैनालीको अध्यक्षतामा पार्टीको केन्द्रीय कार्यालय, रातोपुल, काठमाण्डौमा बसेको हो । विभिन्न विषयहरुमा छलफल पश्चात् गरिएका केही निर्णयहरुलाई यस प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गरिएको छ ।

१. चिकित्सा क्षेत्रमा गर्नु पर्ने सुधारलाई लिएर डा.गोविन्द केसीको १५ औं पटकको अनशनको २४ सौं दिनमा अनसनकारी डा.के.सी.को जटिल हुँदै गएको स्वास्थ्य स्थितिप्रति चिन्ता व्यक्त गर्दछ । डा. केसीको अनशन र त्यसप्रतिको एक्यवद्धता आन्दोलनप्रति समर्थन जनाउदै बैठकले सरकारले अनशनप्रति प्रदर्शित गरेको बिरोध र डा.केसीको विग्रदो स्वास्थ्यस्थितिप्रति देखाएको उपेक्षा-भावलाई विरोध र निन्दा गर्दछ ।

२. स्वास्थ्य शिक्षा र स्वास्थ्य सेवामा सरकारले प्राथमिक जिम्मेवारी लिदै त्यसमा सर्वसाधारण जनताको सहज पहुँच बढाउनु पर्नेमा स्वयम् सरकार नै यस क्षेत्रमा निजी क्षेत्रको प्रभूत्वको निम्ति विवेकहीन ढंगले काम गर्न लागेकोले सरकारको नक्कली जनपक्षधरता र समाजवादी भावना उदाङ्गो भएको छ । यो बैठक डा. गोविन्द के.सी. र निजका प्रतिनिधिहरुसँग अबिलम्ब वार्ता गरी माथेमा कार्यदलको प्रतिवेदन र परिवर्तित स्थितिको आधारमा जनसुलभ स्वास्थ्य शिक्षा र सेवाबारे जनपक्षीय सहमतिमा तत्काल आउन जोडदार माग गर्दछ ।

३. बैठकले केन्द्रदेखि स्थानीय तहसम्मका सरकारहरुले व्यक्तिगत घटना दर्ता शुल्कदेखि विभिन्न सेवा र कार्यमा शुल्क तथा करमा जथाभावी वृद्धि गरिरहेका छन् । समाजवादी अर्थतन्त्र निर्माणको नारा दिँदै सर्वसाधारण जनताको ढाड सेक्ने गरी कायम गरिएका शुल्क र करको नेकपा (माले) कडा विरोध गर्दछ । र तिनलाई अविलम्व फिर्ता गर्न जोडदार माग गर्दछ।

४. तत्कालिन नेकपा (एमाले) र माओवादी केन्द्रमा विद्यमान संकीर्णता र सत्तालोलुप प्रवृत्ति, वहुमत प्राप्ति सरकार गठन र पार्टी एकीकरण पश्चात् जनभावनाको उपेक्षा, दम्भ र सर्वसत्तावादी प्रवृत्तिमा प्रदर्शित हुन थालेको छ । यो प्रवृत्ति संविधानको अपव्याख्या गर्ने, विरोध प्रदर्शनका क्षेत्रहरु माथि निषेधाज्ञा जारी गर्ने, अनशन जस्तो शान्तिपूर्ण विरोध उपेक्षा गर्ने, वौद्धिक व्यक्तिहरुप्रति अमर्यादित व्यवहार गर्ने, वेरोजगारी, महंगी र दैनिक जीवनमा बढ्दा कठिनाइहरुप्रति जनतामा बढ्दो असन्तुष्टी र विरोध प्रतिको असम्वेदनशील हुने कार्यमा प्रकट भएका छन् । यो बैठक सरकारको उक्त प्रवृत्ति र कार्यको निन्दा र भर्त्सना गर्दछ । साथै सत्ताधारी दल र त्यसको सरकारले आफूलाई अविलम्व सच्याउनको निम्ति सचेत गर्दछ ।'

यसैबीच नेकपा मालेका महासचिव सीपी मैनालीको नेतृत्वमा मालेका नेताहरु डम्बर श्रेष्ठ र सुरेन्द्र ढकाल डा.केसी अनशनस्थल त्रिवि शिक्षण अस्पतालमा गई केसीका मागप्रति ऐक्यबद्धता जाहेर गरेका छन् ।

## ऱ्यालीमा...

केन्द्रसम्म पुगेको थियो । ऱ्यालीलाई प्रहरीले अगाडि बढ्न नदिएपछि विद्यार्थी र प्रहरीबीच झडप भएको थियो । विद्यार्थीहरुले अगाडि बढ्न पाउनुपर्ने माग गर्दै बाटो अवरुद्ध गरेपछि प्रहरीले लगभग २५ बढी ऱ्यालीका सहभागीलाई नियन्त्रणमा लिएको छ ।

## अतिक्रमण गरी...

भारतीय अधिकारीले सशस्त्र प्रहरी निरीक्षक थारुलाई नेपालको उपल्लो निकायबाट पत्र प्राप्त नभएसम्म निर्माण नरोकिने बताउँदै अवरोध नगर्न चेतावनी दिएका छन् । नगराइनस्थित सशस्त्र प्रहरी निरीक्षक थारुले भारतीय पक्षले जेठ १५ देखि चेकपोस्ट निर्माण सुरु गरेको जानकारी दिए । दशगजामा कुनै पनि संरचना निर्माण गर्न नमिल्ने जानकारी गराएपछि उनीहरुले केही समय काम रोकेको उनले बताए । निर्माण रोक्न लगाएर मातहत कार्यालयमा पटक पटक जानकारी गराए पनि नेतृत्व तहबाट कुनै पहल नहुँदा भारतले पुनः काम थालेको सशस्त्र प्रहरी निरीक्षक थारुले बताए । भारतीय अधिकारीले चेकपोस्ट निर्माण भइरहेको स्थल विहार सरकारको अधिनस्थ भएको दाबी गरेका छन्